जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक ४२ • २०८१ साल असार १६ गते आइतबार (30 June, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-



## ओली र देउवा बीचको भेटले राजनीति तरंगित

# सत्ता सहकार्यका लागि ढोका खुल्यो

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तापक्ष नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच लामो समयपछि भेटवार्ता भएको छ।

कांग्रेस र एमालेबीच सत्ता सहकार्यको चर्चा भइरहेका बेला अध्यक्ष ओली र सभापति देउवाबीच भएको भेटवार्तालाई अर्थपूर्ण रुपमा हेरिएको छ। फागुन २१ मा सत्ता विमुख भएको कांग्रेसले सत्तामा फर्किन एमाले र माओवादीसँग दोस्रो तहका नेतामार्फत पछिल्लो समय दोहोरो संवाद गरिरहेको थियो।

अध्यक्ष ओली र सभापति देउवाबीच रहेको तित्तता तोड्दै लामोसमयको मौनतापछि संवाद भएको छ। काठमाण्डुस्थित बालकोट पुगेका सभापति देउवासंग अध्यक्ष ओलीको शनिबार तीन घण्टासम्म संवाद भएको थियो।

राजनीतिक स्थायित्वका लागि निर्वाचन प्रणालीमा हेरफेर र आर्थिक अवस्था सुधारका लागि दुई ठूला राजनीतिक दल मिल्नुपर्ने चर्चा भइरहेको बेला एमाले र कांग्रसका शीर्ष नेताहरूबीच छलफलले राजनीति तरंगित भएको छ।

सो संवादमा विभिन्न राजनीतिक घटनाक्रम, सरकारबारेसमेत छलफल भएको स्रोतले जनाएको छ।

सो संवादमा शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्ने, एमसीसी परियोजनामा सहमति जुटाउनेलगायत विषयमा छलफल भएको स्रोतको भनाइ छ।

डेढ वर्षपछि सभापति देउवा ओलीसंग पारिवारिकरुपमा संवाद भएको थियो। अध्यक्ष ओली र सभापति देउवाको शनिबार भएको भेटवार्ताले कांग्रेस र एमालेबीच सत्ता सहकार्यका लागि ढोका खोलेको उच्चस्रोतको दाबी छ।

२०७९ मंसिरको निर्वाचनपछि एमाले र कांग्रेसबीच नयाँ सरकारबारे संवाद भएको थियो। तर दुई दलबीच सहमति नहुँदै नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा एमालेसहितको सरकार बनेपछि दुई दलबीच तित्तता बढ्दै संवादहीनताको सिर्जना भएको थियो।

०८० फागुन ३० गते प्रतिनिधिसभामा प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिने क्रममा ओलीले विगतमा संवाद गरौं भन्दा देउवाले अस्वीकार गरेको स्मरणसमेत गरेका थिए। त्यसको केही साता नवित्दै दुई शीर्षनेतृत्वबीच डेढ वर्षको संवादहीनताको अन्त्य गर्दै सभापति देउवाले अब कुराकानी गर्ने जवाफ फर्काएका थिए।

गत वैशाखदेखि दुई दलका शीर्ष नेतृत्वबीच पुनः संवाद निरन्तर जारी रहेको छ।

नेपाल कम्युनिस्ट पार्टी ७५ औं स्थापना दिवसको अवसरमा एमालेले सभापति देउवालाई महत्वका साथ निम्त्याएको थियो। त्यसपछि एमाले र कांग्रेस क्रमशः नजिकिँदै गएको छ।

पछिल्लो समसामयिक राजनीतिक घटनाक्रमको विषयमा छलफलको क्रममा सभापति देउवाका पत्नी डा. आरजु राणासमेत उपस्थिति रहेको बताइएको छ।



धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा
मधेश प्रदेश, नेपाल

डेंगु रोग सम्वन्धि जानकारी तथा यस वाट बँच्ने उपाय



लामखुट्टेको टोकाईवाट सर्ने चार रोगमध्ये डेंगु रोग पनि एक हो । यो एसिड एडिप्टाई नामक लामखुट्टेको टोकाईवाट पर्ने सरुवा रोग हो । पहिलो चरणमा ज्वरो आउने लगायतका लक्षणहरु देखा परे पनि ध्यान नदिए यो रोगको कारण ज्यान समेत जान सक्छ ।

खतराको संकेत (वार्निङ साइन)
- वाकवाकी लाग्ने, निरन्तर वान्ता हुने
- पेट दुख्ने, आलस्य हुने
- दिसा कालो हुनु तथा पिसाव रातो हुनु
- गिजा तथा नाक, मुखवाट रगत आउनु

पहिलो चरणमा देखा पर्ने लक्षणहरु
- उच्च ज्वरो आउनु
- आखाको गेडी दुख्नु तथा हल्का रातो हुनु
- जोर्नी र मांसपेशीमा अत्याधिक पिडा हुनु
- शरीर चिलाउनु(हल्का बिबिरा समेत आउन सक्छ)

डेंगु रोगको उपचार
डेंगु ज्वरो विषाणुको कारणबाट लाग्ने भएकोले यसको वास्तविक रुपमा कुनै किसिमको उपचार छैन । तर, विरामीमा देखिएको लक्षणको आधारमा सिटामोल र प्रशस्त मात्रामा झोलपदार्थ पिउनु पर्दछ । त्यसैले यस्ता लक्षणहरु कुनै पनि व्यक्तिमा देखापर्ने बितिकै डेंगु ज्वरोबाट हुने जटिलताबाट बचाउन तरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नु पर्दछ ।

डेंगु ज्वरोबाट बँच्ने उपाय
- लामखुट्टेको टोकाइबाट बच्ने ।
- लामखुट्टेको वृद्धि र विकासमा नियन्त्रण गर्ने ।
- घर, आगन, कौशी/छतको हरहमेशा सरसफाइ गर्ने र पानी जम्न नदिने ।
- खाली बट्टा, टिन, पोखरी, टायर, ट्युब आदीमा पानी जम्न नदिने ।
- पानीको नाली, ढल, पोखरी आदीमा हप्ताको १ पटक डढेको मोबिल, मट्टितेल छर्कने ।
- पानीको ट्याङ्की पुरा खाली गरेर सफ गर्ने ।
- खानेपानीको ट्याङ्की राम्ररी ढकन लगाएर राख्ने ।
- गमला, फुलदानीमा रहेको पानी हप्तामा १ पटक फेर्ने र पानी सुक्न दिने ।

डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं



डेंगी रोग डेंगी भाईरसवाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्दछ ।

पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।

कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।

पूरै शरिर ढाक्ने लुगा लगाऔं ।

काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरु पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।

घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरूमा किटनाशक औषधि छर्कने गरौं ।

कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरू राम्ररी सफा गरौं ।

हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

शहिदनगर नगरपालिका
यदुकुहा, धनुषा, मधेश प्रदेश

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरु

डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरु
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
- आँखाको गेडी दुख्नु
- बेस्सरी टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरु देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।

( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

# भाटभटेनीका संचालक गुरुङद्वारा मधेशलाई दुईवटा एम्बुलेन्स दिने घोषणा

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेशमा एग्रीकल्चर फार्मिङको लागि मधेशका मुख्यमन्त्री सतिस कुमार सिंह संग भाटभटेनी सुपरमार्केटका संचालक मीनबहादुर गुरुङको छलफल भएको छ।

शनिबार भएको मुख्यमन्त्री कार्यालयमा भएको छलफलमा गुरुङले मधेश प्रदेशको धनुषामा खेतमा काम गर्ने किसानहरुको लागि विद्यालय र अस्पताल स्थापना गर्ने बताए । उनले विद्यालय र अस्पतालबाट हुने आम्दानीबाट किसानलाई नै प्रोत्साहन गर्ने योजना बनाएको जानकारि दिए । छलफलमा संचालक गुरुङले भाटभटेनी सुपर मार्केट नेपालको माफर्त आधुनिक दुई एम्बुलेन्स मधेश प्रदेसलाई उपलब्ध गराउने घोषणा गरेका थिए।



# 'सुनाखरी मध्यवर्ती सामुदायिक घरबासले अपेक्षाकृत पहुना भित्र्याउन सकेन'

वीरगञ्ज । पर्साको ठोरीमा गाउँपालिका-५ सुवर्णपुरमा अवस्थित सुनाखरी मध्यवर्ती सामुदायिक घरबास (होमस्टे) प्रचारप्रसारको अभावले ओझेलमा परेको छ। मधेस प्रदेशकै पहिलो सामुदायिक घरबास पर्याप्त प्रचारप्रसार र 'ब्रान्डिङ'को अभावले अपेक्षाकृतरूपमा पर्यटकको आवागमन बढ्न सकिरहेको छैन।

यो घरबास २०७३ सालदेखि १५ घरमा सञ्चालन हुँदै आइरहेको छ। वीरगञ्ज महानगरक्षेत्रबाट ३४ किलोमिटरको दूरीमा पर्ने घरबासबाट ठोरीको मनोरम दृश्यका साथै विभिन्न खालका जङ्गली जनावरको अवलोकन गर्न सक्नेछन्। यहाँ बाघमोर्चा माई, गुम्बा, प्रणामी मन्दिर, सहिदस्मारक, सुनाखरी वनलगायतका आकर्षण रहेका छन्।



सुनाखरी मध्यवर्ती सामुदायिक घरबासका अध्यक्ष शम्भुराम पौडेलले प्रचारप्रसारको अभावले अपेक्षाकृतरूपमा पर्यटक भित्र्याउन नसकिएको बताउनुभयो। "सुनाखरी घरबास मधेस प्रदेशकै पहिलो घरबास हो। तर पर्याप्त प्रचारप्रसारको अभावले अपेक्षाकृतरूपमा पहुना भित्र्याउन सकिएको छैन", उहाँले भन्नुभयो, "यहाँ १५ घरमा अहिले घरबास सञ्चालन भइरहेको छ। यहाँ स्थानीयस्तरमा उत्पादन हुने परिकारलाई राम्रोसँग 'ब्रान्डिङ' गर्न सकिरहेका छैनौं।"

घरेलु तथा साना उद्योग कार्यालय पर्साका प्रमुख उद्योग अधिकृत धनञ्जयकुमार सिंहले मधेस प्रदेशको सानका रूपमा रहेको पहिलो घरबासलाई प्रभावकारी ढङ्गले प्रचारप्रसार तथा ब्रान्डिङ गर्नुपर्ने बताउनुभयो। "होमस्टेका गतिविधिलाई अहिलेका आधुनिक सूचना प्रविधिको प्रयोग गरेर जतिसक्दो प्रचारप्रसार गर्न आवश्यक रहेको छ", उहाँले भन्नुभयो, "घरबाससँग विभिन्न ठाउँमा सचेतनामूलक ब्यानर तथा सामाजिक सञ्जालबाट पनि प्रचारप्रसार गर्न सकिन्छ । सोतर्फ ध्यान केन्द्रित गर्न जरूरी छ ।" कार्यालयले शुक्रबार बजार विस्तारसँग सम्बन्धित सचेतनामूलक कार्यक्रम गरेको थियो।

प्रमुख सिंहले कार्यालयले सामुदायिकरूपमा घरबास सञ्चालन गर्दै आइरहेका उद्यमीलाई आगामी दिनमा लेखा तथा बजारीकरण सम्बन्धित जनेचतनामूलक अभिमुखीकरण कार्यक्रम अघि बढाइने बताउनुभयो।

सुनाखरी उपभोक्ता समितिका अध्यक्ष भीमबहादुर पाख्रिनले समितिले सुरूआती चरणमा रू ३०/३० हजार रकम ऋण दिएर सुरूआत भएको सामुदायिक घरबासले पूर्वाधार निर्माणमा धेरै फेरिएको बताउनुभयो। "सुनाखरी सामुदायिक घरबास निकै कष्टका साथमा सुरूआत भएको थियो । तर अहिले घरबासका सामुदायिक भवन तयार भएर सञ्चालनमा आइसकेको छ", उहाँले भन्नुभयो, "१५ घरबासमा सञ्चालनमा रहेका छन् । केही वर्षअघि प्रदेश सरकारले घरबास पूर्वाधार सुधार गर्न बजेट उपलब्ध गराएको थियो।"


मध्यवर्ती सामुदायिक घरबासका सञ्चालक ज्योति लामाले स्थानीयस्तरमा पाइने खानेकुरालाई प्राथमिकता राख्दै आइरहेको बताउनुभयो। "यहाँ उत्पादन हुने मकैको विशेष परिकार पर्यटकले निकै रूचाएर खाइरहनुभएको छ," उहाँले भन्नुभयो,'लोकल कुखुरा र मकैको ढिँडाको पनि पहुनाले धेरै रूचाइरहनुभएको छ।" सञ्चालक लामाले घरबास मध्यमस्तरमा चल्दा पनि आफ्नो जीविकोपार्जन गर्न धेरै सहयोग पुगेको बताउनुभयो। "हामीले निकै सस्तो र सुलभ दरमा घरबासले पाहुनाको सेवा सत्कार गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो, "समूहमा पाहुना आउँदा तामाङ सामुदायले सांस्कृतिक कार्यक्रम पनि देखाउँदै आइरहेका छौँ।"

घरबासका अध्यक्ष पौडेलले मधेस प्रदेशमा कानुन अभावले घरबास नवीकरण गर्न पनि पनि समस्या भोगिरहेको बताउनुभयो । "विगतमा घरबास सङ्घीय सरकार मातहत दर्ता तथा नवीकरण हुने गर्थ्यो। तर पर्यटन कार्यालय प्रदेश सरकार मातहत कार्यालयमा गाभिएसँगै अहिले घरबास दर्ता र नवीकरणसँग सम्बन्धित कानुनको अभाव देखिएको छ", उहाँले भन्नुभयो, "कानुन अभावले दुई वर्षदेखि नयाँ दर्ता र नवीकरणको काम रोकिरहेको छ।"रासस

# 'कृष्णप्रसाद भट्टराई अद्वितीय राजनीतिज्ञ'

काठमाण्डु । नेपाली कांग्रेसका संस्थापक एवं पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई विश्वकै अद्वितीय राजनीतिज्ञमध्येमा पर्नुहुने भन्दै वक्ताहरुले उहाँलाई स्मरण गरेका छन्।

भट्टराईको जन्म शताब्दीका अवसरमा सन्तनेता कृष्णप्रसाद भट्टराई केन्द्रले शनिबार आयोजना गरेको कार्यक्रममा वक्ताहरुले विश्वका अन्य कुनै राजनीतिज्ञले प्रधानमन्त्री भएका बेला मेरो लक्ष्य मुक्ति (निर्वाण) नभनेको उल्लेख गर्दै देशको कार्यकारी प्रमुखको भूमिकामा रहँदा पनि किसुनजीले अध्यात्मलाई नछोडेको चर्चा गरे।



भट्टराईको जीवन र व्यक्तित्वमाथि प्रवचन दिँदै आध्यात्मिक गुरु बोधिसत्व स्वामी आनन्द अरुणले किसुनजीको माया र प्रोत्साहनले नै आफू आध्यात्मिक मार्गमा लागेको बताउनुभयो । पहिलोपटक प्रधानमन्त्री भएका बेला किसुनजीले नै काठमाडौंमा ओशो तपोवनको उद्घाटन गर्नुभएको उल्लेख गर्दै तपोवनमा हाल विभिन्न ८० देशका मानिस ध्याना साधना गर्न आउने गरेका र २० देशमा ध्यान केन्द्र खुलेका जनाकारी दिनुभयो। भट्टराईकै प्रेरणाले खुलेको ओशो तपोवन अन्तर्राष्ट्रिय हाल ध्यान केन्द्रका रुपमा स्थापित भएको उहाँको भनाइ छ।

"सत्य साइ बाबाले किसुनजीलाई देख्ने बित्तिकै यो मानिसमा देवदूतको हृदय छ भन्नुभएको थियो तर हामीले त्यस्तो मान्छेलाई चिन्न सकेनौँ । २०४८ को निर्वाचनमा उहाँले चुनाव जितेको भए देशको अवस्था अर्कै भइसक्थ्यो, किसुनजीलाई हराएपछि नै नेपालको राजनीतिमा कलियुग सुरु भएको हो", आध्यात्मिक गुरु अरुणले भन्नुभयो,"समानुपातिक निर्वाचन प्रणालीलगायत व्यवस्थाले अहिले पदको किनबेच हुन थालेको छ, त्यसबेला किसुनजीले जित्नुभएको भए यसरी पदको किनबेच हुने अवस्था आउने थिएन। आखिर यो सबैको जग त्यसैबेला बसेको त हो नि" उहाँले भन्नुभयो।

आफूले लामो सङ्गत गर्दा किसुनजी अडान भएको, आदर्शमा नचुक्ने नेताका रुपमा पाएको स्वामी आनन्द अरुणले सुनाउनुभयो । पञ्चायतकालमा सुन्दरीजल बन्दीगृहमा रहँदाको प्रसङ्ग उल्लेख गर्दै उहाँले बिपी कोइराला र गणेशमान सिंह पञ्चायतले तयार गरेको कागजातमा हस्ताक्षर गरेर निस्कँदा पनि किसुनजी थप २० महिना जेल बसी कागजातमा हस्ताक्षर नगरी निस्किएको घटना सुनाउनुभयो। "किसुनजी राजनीतिमा रहेर पनि आफ्ना कमी कमजोरी नलुकाई सत्य बोल्नुहुन्थ्यो, विवाह नगरे पनि म कुमार होइन जस्ता विषयले उहाँ सत्य र स्पष्ट बोल्ने राजनीतिज्ञका रुपमा स्थापित हुनुभएको छ। अडानमै रहेर उहाँ भारत प्रवासमा पनि जानुभएन, नेपालमै बसेर नेपाल विद्यार्थी सङ्घको स्थापना गर्नुभयो, त्यसबापत थप तीन वर्ष जेलमा बस्नुभयो," उहाँले भन्नुभयो।

विश्वमै अहिंसावादी नेताका रुपमा स्थापित महात्मा गान्धीभन्दा पनि किसुनजी आध्यात्मिक नेताका रुपमा रहनुभएको आफूले पाएको उहाँको भनाइ थियो । महात्मा गान्धीका पालामा भारतमा ठूला साधकका रुपमा स्थापित सन्तहरु रमण महर्षि, जे कृष्णमूर्तिजस्ता व्यक्तित्व भए पनि उहाँ त्यहाँ नजानुभएको प्रसङ्ग उल्लेख गर्नुहुँदै स्वामी आनन्द अरुणले किसुनजी भने पाइलट बाबा, अमर ज्योतिजस्ता सन्तहरुकहाँ गएको स्मरण गर्नुभयो। रामकृष्ण परमहंस र स्वामी विवेकानन्दका शब्दले जस्तै किसुनजीका शब्दले पनि आफूलाई बल दिने गरेको उहाँको अनुभव छ । नेपालको राजनीति विश्लेषण गर्दै स्वामी आनन्द अरुणले भन्नुभयो, "गणेशमान र किसुनजीलाई राणा एवं राजाले कांग्रेस छोडाउन सकेनन् तर कांग्रेसकै नेताले कांग्रेस छोड्ने अवस्थामा पुऱ्याए।"

किसुनजीले दोस्रोपटक प्रधानमन्त्री हुँदा माओवादी समस्या समाधानका लागि काम गरेको उल्लेख गर्नुहुँदै उहाँले फ्रान्समा माओवादी नेतासँग भेटेर शान्तिवार्ता अघि बढाउन खोजेकामा भ्रमण नै गर्न नदिएर समस्यालाई लम्ब्याएको सुनाउनुभयो। प्रधानमन्त्री भएका बेला किसुनजीले बालुवाटारमा सरकारी काममा आएकालाई सरकारी भान्साबाट चियापान गराउने र आफूलाई व्यक्तिगत कामले भेट्न आएकालाई निजी भान्साबाट चिया खुवाउने गरेको प्रसङ्गसमेत कार्यक्रममा स्वामी आनन्द अरुणले सुनाउनुभयो।

केन्द्रका अध्यक्ष लोकेश ढकालले किसुनजीको जन्म शताब्दी वर्षका अवसरमा पनि केही कार्यक्रम नभएपछि बाध्य भएर संस्था स्थापना गर्नुपरेको बताउनुभयो। विसं २०८० पुस ८ गतेदेखि नै किसुनजीको जन्म शताब्दी वर्ष सुरु भएको र यस अवसरमा आगामी पुस ८ गतेसम्म विभिन्न कार्यक्रम आयोजना गरिने उहाँले जानकारी दिनुभयो । "किसुनजी आफैँले स्थापना गर्नुभएको पार्टी किन छोडेर हिँड्नुभयो ? यसको खोजी गरेपछि नै उहाँप्रति सच्चा सम्मान हुनेछ । उहाँले पार्टी छोड्नुभयो, आदर्श छोड्नुभएन, उहाँप्रतिको सच्चा सम्मानका लागि केन्द्रको स्थापना गरिएको हो," अध्यक्ष ढकालले भन्नुभयो।

कार्यक्रममा केन्द्रका कार्यसमिति सदस्य एवं कांग्रेसका पुराना नेता कोमल लामिछानेले अक्षयकोष स्थापनाका लागि रु ५० हजार सहयोग गर्नुभएको थियो।रासस

# तीन वर्षमा बन्ने भनिएको गेउरिया पुल १० वर्षसम्म पनि बनेन

विराटनगर । मोरङको कानेपोखरी रङ्गेली सडकअन्तर्गत गेउरिया पुल १० वर्ष बितिसक्दा पनि निर्माण सम्पन्न भएको छैन। कानेपोखरी गाउँपालिका-२ स्थित कानेपोखरी रङ्गेली सडकमा पर्ने गेउरिया खोलाको पुलबारे गत चैतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सडक विभागको टोलीले अनुगमन गरेर चाँडै काम सक्न निर्देशन दिएको थियो । निर्देशन दिएको चार महिना बितिसक्दा पनि पुलको निर्माण भने कछुवा गतिमा भइरहेको छ।



तीन वर्षमा निर्माण सम्पन्न गर्ने गरी २०७१ सालमा फिचर एन्ड सराउद्दिन जेवीले ठेक्का पाएको थियो। १५ मिटर लम्बाइ उक्त पुल रु एक करोड १८ लाखमा ठेक्का लागेको थिया तर १५ अझै पुल कहिले सम्पन्न हुन्छ भन्ने टुङ्गो नरहेको स्थानीयको भनाइ छ।

स्थानीय पुन्यप्रसाद रिमालले उक्त स्थानबाट नौ वर्षको अवधिमा पाँचजनाभन्दा बढीले ज्यान गुमाइसकेका र धेरैजना घाइते भएका उल्लेख गर्दै वर्षातको समयमा थप जोखिम रहेको बताउनुभयो। "हामीले समयमै पुल निर्माण गर्न जनप्रतिनिधिलगायत ठेकेदारतथासरोकारभएकाहरुलाई ध्यानाकर्षण गरायौँ तर सुनुवाइ भएन । १५ मिटर पुलसमेत समयमै बनाउन नसक्नेले बाँकी काम कसरी गर्लान् आश्चर्य लागेको छ", उहाँले भन्नुभयो।

अब पुलको बाँकी काम चाँडै सम्पन्न गर्न जनप्रतिनिधि र नागरिक जागरुक बन्नुपर्ने स्थानीयको भनाइ छ।रासस

# देशलाई धानमा मात्र होइन खाद्यान्नमा पनि आत्मनिर्भर बनाउन सरकार लागिपरेको छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशलाई धानमा मात्र होइन खाद्यान्नमा पनि आत्मनिर्भर बनाउन सरकार लागिपरेको बताउनुभएको छ।

भरतपुर महानगरले आज चितवनमा आयोजना गरेको २१औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा प्रधानमन्त्रीले उत्पादन लागत घटाउने र उत्पादकत्व बढाउनेगरी सरकारले कृषिदशक कार्यक्रम अघि बढाएको स्पष्ट पार्नुभयो।सरकारले आगामी आर्थिक वर्षको बजेट र नीति तथा कार्यक्रममा कृषिदशक कार्यक्रम घोषणा गरेको उल्लेख गर्दै प्रधानमन्त्रीले सिँचाइ, बीउ एवं मल सहज रुपमा उपलब्ध गराउने र यान्त्रिकीकरण गरेर धानमा आत्मनिर्भर हुन सकिने बताउनुभयो।

धानबाली देशको रणनीतिक बाली भएको उल्लेख गर्दै प्रधानमन्त्रीले तीनवटै तहका सरकारलाई नेपाल सरकारले लिएका नीतिहरूको सफल कार्यान्वयनका लागि आह्वान गर्नुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ । कृषि क्षेत्रमा आधारित व्यापार-व्यवसायमा लाग्न र देशको आर्थिक क्षेत्रको प्रवर्दनमा जोड दिँदै प्रधानमन्त्री दाहालले कृषिकर्मका माध्यमबाट देश समृद्धितर्फ अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो।


बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले प्रदेश सरकारले दुग्ध किसानलाई अनुदान उपलब्ध गराउने, कृषि प्रवर्दन गर्ने र रोजगारी सिर्जनाका कार्यक्रम अघि बढाएको बताउनुभयो।भरतपुर महानगरका प्रमुख रेणु दाहालले चितवनका सबै कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइ उपलब्ध गराउने व्यवस्था मिलाइने बताउनुभयो । कृषकमैत्री कार्यक्रम कार्यान्वयन गरी उत्पादकत्व बढाउने उल्लेख गर्दै उहाँले खाद्यान्नमा चितवनलाई आत्मनिर्भर बनाउन आफू क्रियाशील रहेको बताउनुभयो।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : पारिवाहिक सुख। |
| मीन | : धन वृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको हर्दिनाथमा धान दिवस मनाउदै । तस्विर : संजय यादव

# जलवायुमैत्री प्रविधि प्रयोग गरेर उत्पादन वृद्धि गर्ने नीति सरकारको प्राथमिकतामा : प्रधानमन्त्री



चितवन । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले धान बालीमा जलवायुमैत्री प्रविधि प्रयोग गरेर उत्पादन वृद्धि गरिने बताउनुभएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विकास कार्यालय चितवन र बछौली बहुउद्देश्यी कृषक समूह रत्ननगरले संयुक्तरुपमा आज यहाँ आयोजना गरेको २१औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८१ का अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले धानको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न जलवायुमैत्री प्रविधिको अनुसन्धान, विकास र प्रसारमा सरकारको प्राथमिकता रहेको बताउनुभयो ।

"जलवायु परिवर्तनका कारण धानलगायत बालीमा परेको नकारात्मक असर न्यूनीकरण गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न जलवायुमैत्री प्रविधिको अनुसन्धान, विकास र प्रसार सरकारको प्राथमिकतामा छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "जैविक विविधताको उपयोग गरी पोषणयुक्त उच्च उत्पादन दिने धानका जातको विकास, तथा उत्पादनमा कृषकमैत्री प्रविधिको प्रयोगमार्फत धान बालीको उत्पादन बढाउने रणनीति लिएको छ ।"

कृषि क्षेत्रको व्यवसायीकरण र विविधिकरणमार्फत मुलुकमा समृद्धि हासिल गर्न पछिल्लो समयमा कृषि क्षेत्रमा जलवायु परिवर्तन ठूलो चुनौतीको रूपमा देखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जलवायुमैत्री प्रविधिको अवलम्वन गरेर उत्पादन वृद्धि गर्न र धान तथा चामलको आयात प्रतिस्थापन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । हरित ग्यास उत्सर्जनमा न्यून भूमिका भए पनि जलवायु परिवर्तनको प्रतिकूल असरको जोखिम उच्च रहेका राष्ट्रमध्ये नेपाल भएको उल्लेख गर्दै उहाँले जलवायु परिवर्तनका दृष्टिले संवेदनशील र प्रभावित उपक्षेत्रमध्ये नेपालको प्रमुख खाद्यान्न बाली धान भएको उल्लेख गर्नुभयो ।

"जलवायु परिवर्तनका कारण सृजित सुक्खा-खडेरी, बेमौसमी वर्षा, बाढी-पहिरो, आकस्मिक रोग तथा किराको प्रकोप, तापक्रममा वृद्धिजस्ता नकारात्मक असरमा अनुकूलित हुने धानका जातहरू र उत्पादन प्रविधिहरूको गर्नुपर्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "उत्पादन बढाएर आयात प्रतिस्थापन गरी धान चामलमा आत्मनिर्भर हुन विशेष योजनाका साथ क्रियाशील हुनैपर्छ ।"

धानबाली देशको रणनीतिक बाली भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले तीनवटै तहको सरकारलाई नेपाल सरकारले लिएका नीतिहरूको सफल कार्यान्वयनका लागि आह्वान गर्नुभयो । परनिर्भरता र व्यापार असन्तुलनलाई कम गर्न र राष्ट्रियस्तरमा धानको उत्पादन बढाउन वर्तमान सरकारले रासायनिक मल र गुणस्तरीय बीउको उपलब्धता, प्रविधि विस्तार, अनुसन्धान र विकास तथा न्यूनतम समर्थन मूल्यको कार्यान्वयनलाई प्राथमिकता दिएको उहाँले स्पष्ट पार्नुभयो ।

दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता र कृषि विकास रणनीतिको कार्यान्वयनमार्फत खाद्य पोषण सुरक्षाको अवस्थामा सुधार ल्याउने राष्ट्रिय प्रतिबद्धता रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्रमुख खाद्यान्न बालीको उत्पादन तथा उपलब्धतामा वृद्धि, वितरण प्रणालीमा सुधार र खाद्यान्नको उचित उपयोगमार्फत खाद्यान्नमा आत्मनिर्भरता र दीगो खाद्य तथा पोषण सुरक्षा कायम गरिने बताउनुभयो ।

प्रधानमन्त्री दाहालले 'जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि' नाराका साथ मनाउन लागिएको २१औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८१ का अवसरमा धान बालीको उत्पादन र उत्पादकत्व वृद्धिमार्फत समृद्ध अर्थतन्त्र निर्माणमा सबैको ठोस योगदान रहने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले यान्त्रीकीकरण र आधुनिकीकरणको हिसाबले एकताको भाव झल्कने गरी मन्त्रालयले काम अघि बढाएको बताउनुभयो । कृषि मन्त्रालयको टोली कृषि क्षेत्रको विकासमा अहोरात्र लागिपरेको बताउनुभयो । कृषकलाई सम्मान गर्ने गरी मन्त्रालयले काम गर्ने उहाँको भनाइ थियो । सरकारले उत्पादनमा जोड दिँदै उत्पादन र बजारीकरणका लागि काम गर्ने उहाँले बताउनुभयो ।

> "जलवायु परिवर्तनका कारण सृजित सुक्खा-खडेरी, बेमौसमी वर्षा, बाढी-पहिरो, आकस्मिक रोग तथा किराको प्रकोप, तापक्रममा वृद्धिजस्ता नकारात्मक असरमा अनुकूलित हुने धानका जातहरू र उत्पादन प्रविधिहरूको गर्नुपर्छ"

मन्त्री साहले भन्नुभयो, "धान रोप्नका लागि आवश्यक पर्ने मल पर्याप्त मात्रामा उपलब्ध गराउन सरकार लागिपरेको छ ।" वितरण प्रणालिमा देखिएको समस्या समाधान गर्दै अघि बढ्ने उहाँको भनाइ थियो । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले चितवनलाई बीउ उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गरिने बताउनुभयो । प्रदेशले एक वडा, एक पकेट क्षेत्र कार्यक्रम सञ्चालनमा ल्याएकाले अबको पाँच वर्षमा उत्पादनमा आत्मनिर्भर बन्ने गरी काम अघि बढाएको बताउनुभयो ।

कार्यक्रममा कृषि विभागका महानिर्देशक नरहरिप्रसाद घिमिरेले प्रविधिको प्रयोग गरेर कृषि कर्म गर्दा उत्पादन बढाउन र लागत घटनाउन सहयोग पुग्ने बताउनुभयो । कार्यक्रममा सांसद हरि ढकाल, बागमती प्रदेशसभा सदस्य उत्तम जोशी, ठाकुर ढकाल र ईश्वर सापकोटा, रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटालगायतको उपस्थिति रहेको थियो ।रासस

# पचास प्रतिशत रोपाइँ मनसुनी वर्षाकै भरमा

काठमाण्डु । कृषि तथा पशुपक्षी मन्त्रालयका अनुसार झन्डै ५० प्रतिशत रोपाइँ मनसुनी वर्षाकै भरमा हुने गरेको छ । सबै क्षेत्रमा सिँचाइको सुविधा नहुँदा किसान रोपाइँ गर्न आकाशे पानीकै भर पर्नुपरेको हो । रोपाइँ गर्न किसान कहिले आकाशे पानी पर्ला भनेर कुर्नुपर्ने अवस्था यथावत छ ।

कृषि मन्त्रालयको तथ्याङ्कअनुसार यस वर्ष देशभर ९ दशमलव ८ प्रतिशत मात्रै धान रोपाइँ भएको छ । गत वर्ष असार १५ गतेसम्म करिब ८ दशमलव ७५ प्रतिशत मात्र धान रोपाइँ भएको थियो । कृषि मन्त्रालयका सूचना अधिकृत महानन्द जोशी यस वर्ष मनसुन छिटो भित्रिए पनि ढिलो सक्रिय हुँदा धान रोपाइँ सन्तोषजनक नरहेको बताउनुहुन्छ । "हालसम्म अधिकांश सिँचाइ सुविधा पुगेका क्षेत्रमा मात्रै धान रोपाइँ भएको छ", उहाँले भन्नुभयो, "कतिपय स्थानमा राम्रोसँग वर्षा भएको छैन, कहिले वर्षा होला र धान रोपौँला भनेर किसान पर्खाइमा छन् ।"

मन्त्रालयको तथ्याङ्कअनुसार कोशी प्रदेशमा असार १२ गते सम्ममा धान रोपाइँ ५ दशमलव ६ प्रतिशत भएको छ । सो प्रदेशमा गत वर्ष असार १० गतेसम्म ६ दशमलव ५ प्रतिशत धान रोपाइँ भएको थियो । पूर्वी क्षेत्रमा ढिलो गरी धान रोप्ने गरिन्छ । मधेस प्रदेशमा भने गत वर्ष र यस वर्ष बराबर नै रोपाइँ भएको पाइएको छ । सो प्रदेशमा यस वर्ष २ दशमलव ५ प्रतिशत मात्रै धान रोपाइँ भएको तथ्याङ्क छ । गत वर्ष सोही अवधिमा २ दशमलव ५ प्रतिशत नै रोपाइँ भएको थियो ।

यसैगरी बागमती प्रदेशमा यस वर्ष ५ प्रतिशत मात्रै रोपाइँ भएको छ । गत वर्ष सो प्रदेशमा १८ दशमलव ३ प्रतिशत रोपाइँ भएको थियो । गण्डकी प्रदेशमा गत वर्ष यही समयमा ६ दशमलव ९ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ८ दशमलव ३ प्रतिशत रोपाइँ भएको छ ।

यसैगरी लुम्बिनी प्रदेशमा यस वर्ष अघिल्लो वर्षको तुलनामा कम रोपाइँ भएको छ । गत वर्ष लुम्बिनी प्रदेशमा १० दशमलव ९ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ८ दशमलव ८ प्रतिशत रोपाइँ भएको छ । कर्णाली प्रदेशमा गत वर्ष २२ दशमलव ६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष २३ दशमलव ९ प्रशित रोपाइँ भएको छ । सुदूरपश्चिममा गत वर्ष २२ दशमलव ६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष हालसम्म २५ प्रतिशत रोपाइँ भएको छ । सुदूरपश्चिममा अन्य प्रदेशभन्दा चाँडो रोपाइँ सुरु हुने भएकाले अन्य प्रदेशको तुलनामा बढी रोपाइँ भएको सूचना अधिकृत जोशीको भनाइ छ ।

सूचना अधिकृत जोशीका अनुसार साउन महिनाको अन्तिमसम्म ९० प्रतिशत रोपाइँ सम्पन्न हुने प्रक्षेपण गरिएको छ । "मुलुकको सबै क्षेत्रमा सिँचाइ सुविधा पुग्न सकेको छैन, तसर्थ कृषि मन्त्रालयले सिँचाइ कुलो विस्तार गरेर धान रोपाइँलाई प्रवर्द्धन गर्दैछ", उहाँले भन्नुभयो, "कहिले खडेरीले धानको बीउ सुक्ने, कहिले पानी नपर्दा सिँचाइ गर्न नसकिने जस्ता समस्याका कारण धान उत्पादन वृद्धिमा ह्रास आउने गर्छ ।"



राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक मधुरा यादवले धान उत्पादन वृद्धिका लागि मुलुकका सबै क्षेत्रमा सिँचाइ सुविधा पुग्न आवश्यक रहेको बताउनुभयो । "सबै स्थानमा सिँचाइ सुविधा पुग्न नसक्दा कहिले रोपाइँ नै नहुने कहिले ढिलाइ हुने त कहिले बीउ नै राख्न नपाउने अवस्था छ, रोपाइँपछि पनि सिँचाइको सुविधा नहुँदा धान उत्पादनमा कमी आएको छ", उहाँले भन्नुभयो, "मुलुकको शतप्रतिशत क्षेत्रमा सिँचाइ सुविधा पुर्‍याउन सके धान उत्पादनमा वृद्धि भई आयात प्रतिस्थापन गर्न सकिन्छ ।"

मन्त्रालयका अनुसार आव २०८०/८१ को जेठ मसान्तसम्ममा रु ८८ करोड ६५ लाख बराबरको धानको बीउ आयात गरिएको छ । सो अवधिमा करिब रु ११ अर्ब ५५ करोडको धान आयात गरिएको छ । सो अवधिमा रु आठ अर्ब ६९ करोड बराबरको चामल तथा रु नौ लाख २० हजार मूल्य बराबरको कनिका आयात भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार यस वर्ष तीन दिनअगावै मुलुकको पूर्वी क्षेत्रबाट मनसुन सुरु भएको थियो । सामान्यतया जुन १३ तारिखदेखि मनसुन नेपाल भित्रिने गरे पनि यस वर्ष जुन १० तारिखमा नै मनसुन भित्रिएको थियो । विभागका अनुसार मुलुकभर मनसुन फैलिन भने समय लागेको थियो । यस वर्ष जुन २३ तारिखमा मात्रै मुलुकभर मनसुन फैलिएको हो । मनसुन छिटो फैलिए पनि धान रोपाइँ सन्तोषजनक नभएको कृषि मन्त्रालयले जनाएको छ ।

यस वर्षको मनसुन अवधिमा मुलुकभर औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिएको छ । विभागका अनुसार सुदूरपश्चिम प्रदेशको उत्तर-पश्चिमी भूभाग, बागमती प्रदेशको दक्षिण-पूर्वी भूभाग, मधेस प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्यपश्चिमी भूभागमा सरदर नै वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ । देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत छ ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् प्रतिमा मानन्धरले मनसुन सक्रिय रहने र आइतबारसम्म मुलुकको विभिन्न स्थानमा वर्षाको सम्भावना छ । आगामी केही दिनमा मनसुनको न्यून चापीय रेखा पूर्णरूपमा विकसित भई सरदर स्थानभन्दा उत्तरतर्फ (नेपाल नजिक) अवस्थित रहने र यसका कारण आगामी केही दिन नेपालमा मनसुन थप सक्रिय हुने सम्भावना रहेको उहाँको भनाइ छ ।

"आइतबारसम्म देशभर साधारणदेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । साथै गण्डकी प्रदेशका केही स्थानमा, कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा मधेस र कर्णाली प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना छ । गण्डकी र लुम्बिनी प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ", मौसमविद् मानन्धरले भन्नुभयो ।

जलस्रोत तथा सिँचाइ विभागको तथ्याङ्कअनुसार करिब २५ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये हालसम्म करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइको संरचना निर्माण गरिएको छ । तर करिब एक तिहाइ भूमिमा मात्र वर्षभरि सिँचाइ सुविधा उपलब्ध हुन सकेको विभागद्वारा २०८० चैतमा प्रकाशित 'जलस्रोत तथा सिँचाइ वार्षिक पुस्तिक'मा उल्लेख छ ।

"हाल ठूला बहुउद्देश्यीय अन्तर-जलाधार जल-पथान्तरणका केही आयोजना निर्माणका क्रममा छन् । केही निर्माणको तयारीका क्रममा छन् । करिब ५० प्रतिशत सिर्जित कृषि क्षेत्र किसानद्वारा व्यवस्थित सिँचाइ प्रणालीमा रहेका छन्", सो पुस्तकमा उल्लेख छ । निर्माण सम्पन्न भइसकेका साना आयोजना जलउपभोक्तालाई हस्तान्तरण गर्ने नीतिबमोजिम सम्बन्धित जनउपभोक्तालाई हस्तान्तरण गरिएका छन् र सम्बद्ध संस्थाबाट सञ्चालन भइरहेका पनि छन् । मझौला तथा ठूला सिँचाइ आयोजना भने सरकार तथा जलउपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनको अवधारणाअनुरूप सञ्चालनमा छन् ।

### धान उत्पादनको अवस्था

कृषि मन्त्रालयको तथ्याङ्कअनुसार चालु आवमा धानको कूल उत्पादन गत आवभन्दा ४ दशमलव ३३ प्रतिशतले वृद्धि भई ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिक टन पुगेको छ । जुन विगत चार वर्षको औषत उत्पादनको तुलनामा ५ दशमलव ०८ प्रतिशतले बढी हो ।

कूल धानबाली भित्र्याइएको क्षेत्रफल गत आवको तुलनामा शून्य दशमलव ६१ अर्थात् आठ हजार आठ सय हेक्टरले कमी भई १४ लाख ३८ हजार नौ सय ८९ हेक्टर कायम हुन पुगेको छ । यो क्षेत्रफल गत चार आवको औषत क्षेत्रफलको तुलनामा एक दशमलव ७३ प्रतिशतले कम हो । धानबालीको औषत उत्पादकत्व गत आवको तुलनामा ४ दशमलव ९७ प्रतिशतले वद्धि भई ३ दशमलव ९८ मेट्रिक टन प्रतिहेक्टर पुगेको छ । यो गत चार वर्षको औषत उत्पादकत्वभन्दा ६ दशमलव ९२ प्रतिशतले बढी हो ।रासस

# 'अनाथ बालबालिकालाई शिक्षित बनाउनु राष्ट्रका लागि महत्वपूर्ण योगदान'

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले अनाथ बालबालिकाको संरक्षण गरी शिक्षित बनाउनु राष्ट्रका लागि महत्वपूर्ण योगदान भएको बताउनुभएको छ ।



पूर्वाञ्चल बालसेवा आश्रम विराटनगर-१३ का अध्यक्ष बालमुकुन्द पोखरेल र संरक्षक सीता पोखरेलका नाममा स्थापित 'सीता बालमुकुमुन्द पोखरेल प्रतिष्ठान'द्वारा शनिबार आयोजित सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा मुख्यमन्त्री कार्कीले आश्रममा रहेका ६० बालबालिकालाई शिक्षित र संस्कारयुक्त बनाएर राष्ट्रलाई महत्वपूर्ण योगदान पुर्‍याएको धारणा राख्नुभयो । उहाँले प्रदेश सरकारले आश्रमलाई अझ व्यवस्थित एवं सुविधा सम्पन्न बनाउन आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

अध्यक्ष पोखरेलले विगत ४० वर्षदेखि आश्रित बालबालिकालाई शिक्षित बनाई समाज एवं राष्ट्रका लागि महत्वपूर्ण योगदान पुर्‍याएकामा प्रशंसा गर्दै मुख्यमन्त्री कार्कीले यसबाट अन्य व्यक्ति तथा संस्थाले प्रेरणा प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो । त्यस अवसरमा साहित्यकार कुन्ती शर्मा र समाजसेवी श्याम अधिकारीकालाई नगद रु २५/२५ हजार एवं प्रमाणपत्रसहित सम्मान गरिएको थियो । साहित्यकार शर्मा र अधिकारीले सम्मानबाट समाजमा रहेका युवालाई साहित्य र समाजसेवामा लाग्न प्रेरणा प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

प्रतिष्ठानका अध्यक्ष सुरेश गाउँले, आश्रमकी संरक्षक सीता पोखरेल, सदस्य ब्युटी श्रेष्ठ र सिद्धार्थ बैङ्कका प्रदेश प्रमुख कमल बस्नेतले आश्रमले अनाथ बालबालिकाको सेवा क्षेत्रमा उत्कृष्ट कार्य गरेको धारणा राख्नुभयो ।कार्यक्रममा सिद्धार्थ बैङ्कले आश्रमलाई आवश्यक फर्निचर सहयोग प्रदान गरेको थियो ।रासस

**श्री भेरुखी माध्यमिक विद्यालय लोहारपट्टी**
**लोहारपट्टी न.पा.-५, महोत्तरी (नेपाल)**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

लोहारपट्टी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, महोत्तरीको च.नं. १५३ मिति २०८१/०३/०२ गतेको प्राप्त अनुमति पत्र तथा यस विद्यालयको वि.व्य.स.को मिति २०८१/०३/०६ गतेको निर्णय अनुसार यस विद्यालयमा सहायक पद रिक्त भएकोले उक्त रिक्त पदमा इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलका विवरण सहित दरखास्त दिनको लागि विज्ञापन प्रकाशन गरिएको छ ।

तपसिल

| विज्ञापन नं. | नियुक्तिको किसिम | पद संख्या | तह/श्रेणी | आवेदन दस्तुर |
|---|---|---|---|---|
| ०१/२०८०/०८१ | करार | १ | श्रेणी विहिन | १०००।- |

- **शैक्षिक योग्यता** :- वाणिज्य मूल विषय लिई +२ उत्तिर्ण गरेको वा सो सरह हुनुपर्ने ।
- **उमेर** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- **दरखास्त दिने अवधी** :- मिति २०८१/०३/०७ देखि २०८१/०३/२१ सम्म कार्यालय समय भित्र ।
- **सम्पर्क मिति** :- २०८१/०३/२१ गते ४:०० बजे
- **परीक्षा मिति र स्थान** :- सम्पर्क मितिको दिन तोकिने छ ।
- **तलब भत्ता** :- नेपाल सरकारको प्रचलित स्केल अनुसार
- **अन्य जानकारीको लागि** :- ९८४४२९७७८० (प्र.अ.), ९८५४०२६५९९ (अध्यक्ष)

**आवश्यक कागजात**

१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. कम्प्युटर सम्बन्धि विशेष ज्ञान भएको

**प्रधानाध्यापक**

**आयो करे यात्रा मंगलमय चारो धाम की**

यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।

**विशेष यात्रा सेवा ।** शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरूक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।




टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।







**प्रो. पोषण प्रसाद साह**
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बजेट पुनर्लेखन हुन्छ ?

नेपालको संसदीय इतिहासमा संसदमा प्रस्तुत भइसकेको बजेटमा संशोधन भएको छैन । संसदमा पेश भइसकेको बजेटमा विपक्षी अथवा सत्तापक्षकै सांसदहरुको सुझावलाई समेटिदैन। बजेट कार्यान्वयनको क्रममा रहेको बेला सरकारले रकमान्तर लगायतका प्रकृयाबाट बजेट थपघट गर्छन् । संसदमा पेश भएको बजेटमा कुनै सांसदले १ रुपैयाँ कम गर्नका लागि गर्ने प्रस्ताव पनि अस्वीकृत गराइन्छ। संसदमा जे जस्तो अवस्थामा बजेट प्रस्तुत भयो, सोही अवस्थामा पारित हुन्छ । बजेट पारित हुन नसके सरकार ढल्छ । संसदमा पेश भएको बजेटमा संशोधनको समेत गुञ्जायस हुँदैन । संघीय संसदबाट बहुमतले पारित भएको बजेटमा केही मन्त्रीले आफ्नो निर्वाचन क्षेत्रमा बजेट खन्याएको आरोप सम्बन्धित पार्टीकै सांसदहरुले लगाए । उनीहरुले बजेटमा संशोधन गरी योजनाहरु समावेश गर्न प्रस्ताव पनि गरे। तर संसदमा सबै प्रस्ताव अस्वीकृत भयो। यथास्थितिमा बजेटलाई संसदमा बहुमतबाट पारित गरियो। मधेश प्रदेशमा असार १ गते प्रदेश सभामा प्रस्तुत गरिएको बजेट पुनर्लेखन गर्ने प्रतिबद्धता मुख्यमन्त्रीले नै जनाएका छन् । सरकारले बजेटमा अनधिकृत ढंगले योजनाहरु प्रविष्ट भएको बताउँदै कर्मचारीहरुबाट बदमासी भएको बताएका छन्। तर सरकारले बजेटमा नै अनधिकृत रुपमा चलखेल गरेको गम्भीर घटनाको छानबिनका लागि १५ दिन बितिसक्दा समेत छानबिन समिति समेत गठन गरिएको छैन। उल्टै सरकारले बजेट पूनर्लेखन गरी प्रदेश सभाबाट पारित गर्ने सर्वदलीय बैठकमा प्रतिबद्धता जनाएको छ । सिस्टमबाट बजेटमा संशोधन गर्ने काम सरकारले गर्न सक्छ । तर लोकतान्त्रिक मान्यता विपरित कार्य हुनेछ। बजेट समेत पुनर्लेखन हुन थालेपछि त्यसको महत्व नै समाप्त हुनेछ। बजेटमा सरकारले विभिन्न प्रकारका कर लगाउने र हटाउने, विकासका लागि विभिन्न योजनाहरु राख्ने, सरकार सम्बद्ध पार्टीले चुनाव गरेको प्रतिबद्धतालाई बजेट मार्फत कार्यान्वयन गर्ने लगायतका विषयहरु समावेश गरेको हुन्छ । बजेट नै पुनर्लेखन गर्नुपर्ने अवस्था आउनु दुर्भाग्यपूर्ण हो। विपक्षीहरुले सरकारलाई बजेटको सवालमा झुकाउन सफल भएको छ। विपक्षीहरुको मागलाई सरकारले सहजै स्वीकार गरिरहेको छ। बजेटको विषयमा सरकारको स्वीकारोक्तिले नैतिक बल घटाएको छ। बजेट बनाउन ध्यान दिनुपर्ने कतिपय विषयहरुमा काम भएको छैन । सरकारले नीति तथा कार्यक्रममा नै टेकेर बजेट ल्याउने गरेको छ। तर बजेट आइसकेपछि पुनर्लेखन गर्न आवश्यक रहेको सरकारले स्वीकार्नु नै सरकार माथि नैतिक प्रश्न उठाएको छ। सरकारले बजेटमाथि छलफल समेत प्रदेश सभामा सुरु गराउन सकेको छैन। बजेट पुनर्लेखन भए मधेश प्रदेशमा मात्र नभई देशको संसदीय इतिहासमा नयाँ नजिर बन्नेछ। गोप्य रुपमा बनाइने बजेटको औचित्य समाप्त हुनेछ।

# को थिए लिच्छवी ?



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

उपत्यकामा लिच्छवीहरुको शासन समाप्तिपछि उनीहरु कहाँ वेपत्ता भए भन्ने सम्बन्धमा विभिन्न पत्रिकामा प्रकासित लेखले थुप्रै पाठकबीच कोतुहलता उत्पन्न गराएको हो। करिव चारसय बर्षसम्म अनवरत् रुपमा उपत्यका शासनगर्ने लिच्छवी राजाहरुका शासनकाललाई नेपालमा स्वर्णिमकालको रुपमा उल्लेख गरिएको छ। उनीहरु उपत्यका किन आए ? र, कहाँबाट आएका थिए ? भन्ने सम्बन्धमा तथ्यगत ढङ्गले नयाँ पुस्तालाई जानकारी हुनु आवश्यक छ । तर, नेपालका अधिकांस इतिहासकारहरुले इतिहासलाई नेपालीकरण गर्न खोज्दा थुप्रै तथ्य कुराहरु ओझेलमा परेको देखिन्छ।

लिच्छवीहरुको सन्दर्भमा उल्लेख गर्नुपर्दा सर्वप्रथम भारतमा उनको शासनशैलीको विषयबाट शुभारम्भ गर्दा उपयुक्त हुन्छ। किनभने, लिच्छवीहरुको इतिहास प्रत्यक्ष रुपमा भारतसँग जोडिएको छ। त्यो बेलामा समयमा नेपाल र भारतको कुरो थिएन् । थुप्रै राज्य थिए। आ-आफ्ना देशका सिमाना विस्तार गर्नका लागि युद्ध गरिरहन्थे । एकले अर्कामाथि कब्जागर्ने सधैं रणनीति बनाइरहन्थ्यो। प्रायः पराजित देशका राजा आफ्ना विश्वासपात्रका साथ पलायन हुने गर्दथे । आफ्नो शक्तिको वलमा राज्यमाथि कब्जा गर्थे वा सामान्य जीवन विताउथे।

लिच्छवीहरुले भारतमा गणराज्यको स्थापना गरी विधिवत रुपमा शासन सञ्चालन गर्ने गर्दथ्यो । लिच्छवीको मातहतमा रहेका गाउ वा प्रान्तको क्षेत्र निर्धारण गरी गणको नियुक्त गरिन्थ्यो । त्यो वेलामा निर्वाचनको माध्यमबाट नभई राजाद्वारा मनोनित गरिन्थ्यो। भारतको कुनैपनि इतिहासमा निर्वाचनको कुरा उल्लेख गरेको देखिँदैन्। ति गणहरुलाई एक राजाले पाउने अधिकार प्राप्त थियो । लिच्छवीको राज्यमा सातहजारभन्दा बढी गणहरु थिए। उनीहरु आफूलाई राजानै ठान्दथे। कुनै विशेष निर्णय लिनका लागि सभा बोलाइन्थ्यो । भारतीय इतिहासकारले लिच्छवीको शासनकाल ईशापूर्व सातौं शताब्दीमैं स्थापना भएको दावि गर्छन् । त्यो वेला उनीहरुको राज्य विदेहसम्म फैलिएको थियो। सयौं बर्षदेखि भारतको गणराज्यको रुपमा शासन गर्दै आएका लिच्छवीहरु कार्यशैली देखेर गौंतमबुद्धपनि प्रशंसा गर्दथे।

मगधका अर्का राजा अजातशत्रुले आक्रमण गरेपछि लिच्छवीहरुको शासन अन्त्य भएको थियो । बर्षोबर्षसम्म राज्यविहीन अवस्थामा पुगेका लिच्छवीहरु विहारको वैशालीलाई आफ्नो कर्म भूमि बनाएर राज्य सञ्चालन गर्न थाले।

लिच्छवी कुन जात वा समुदायका थिए ? उनीहरु कसरी उपत्यका पसे ? यावतका कुराहरु चर्चा हुनु स्वभाविक हो।

### को थिए लिच्छवी ?

लिच्छ नाम गरेको व्यक्ति बडो पराक्रमी थिए। उनले राज्य स्थापना गरे। उनका सन्ततिहरुले 'लिच्छ' प्रति श्रद्धा एवम् सम्मान अर्पन गर्ने उद्देश्यले आफूलाई लिच्छवी भन्न थाले । अन्य तर्क के छ भने लिक्ष नामक अस्त्र धारण गरेको, वैशाली क्षेत्रको लीच्चीको बोटलाई धेरै बढी प्रधानता दिएको कारणले त्यहाँका शासकलाई लिच्छवी भनिएको भनेर कतिपय पुस्तकमा उल्लेख गरिएको छ। प्राचीन संस्कृत साहित्यमा क्षेत्रीको एउटा जातीय शाखाको नामको 'निच्छवि' थियो । त्यो 'नि' शब्द अपभ्रंश हुँदै लिच्छवी भनेर सम्बोधन गर्न थालिएको हो कि ? भनेर चर्चापनि गरिएको छ। मनुस्मृतिको अनुसार लिच्छवीहरु व्रात्य क्षेत्री थिए। यो जातिको गणना झल्ल, मल्ल, करण, खुलौंठ र द्रविडको सँग गरिएको छ । यसका शाखाहरु टाढा टाढासम्म फैलिएको थियो।

वैशाली राज्यमा जैन तीर्थकर महावीर स्वामी र कोशल अर्थात कपिलवस्तु राज्यमा गौंतम बुद्धको जन्म भएको थियो । उत्तरप्रदेशको कुशीनगरमा मल्लहरु राज्य गर्दथे। यी देशहरुबीच सुमधुर सम्बन्ध थियो। एकताका मिथिलादेखि मगध र कोशलसम्म लिच्चवीको शासन थियो। लिच्छवीको राजवंशको इतिहास धेरै प्रसिद्ध छ। उनीहरुको राज्य एक समयमा नेपाल, मगध र कौंशलदेश अर्थात कपिलवस्तुसम्म फैलिएको थियो । भारतका इतिहासकारहरुले लिच्छवीहरुको शासन, कला र संस्कृतिका साथै छिमेकी मुलुकहरुसँगको मैत्रीपूर्ण सम्बन्धको पनि व्याख्या गरेका छन्।

इर्सापूर्व छैठो शताब्दीदेखि लिच्छवीहरुको कुनै न कुनै रुपमा इतिहासमा उल्लेख देखिन्छ। पालि साहित्यमा लिच्छवी वज्जि सङ्घको प्रधान जाति थिए। ति आठ जातिमध्ये सवैभन्दा सशक्त लिच्छवी थिए।

लिच्छवीसहितको वज्जी सङ्घको राज्यमा महिला र बुद्धबृद्धाको उच्च सम्मान थियो कुमारी कन्यासँग वलप्रयोग गरिदैन्थ्यो। सङ्घका सदस्यहरु चैत्यको मान र पुजापाठ गर्ने गर्दथे । प्रशासनीक कार्यको सम्पादन गर्नका लागि लिच्छवीगणको सात हजार ७०७ जनाको सभा सदस्य थियो। ति सवै राजा कहलाउँथे। ललितविस्तर पुस्तक अङ्क ३) वैशाली नगरमा गण राजाहरुको अभिषेक गरिन्थ्यो। (वैसालिनगरे गणराजकुलानं अभिषेक पोक्खरणियं- जा. ४) भगवान बुद्धले लिच्छवी गणको सम्बन्धमा सवै सदस्यहरु एकमत भएर अधिवेशनमा उपस्थित हुने गरेको भनेर प्रशंसापनि गरेको इतिहासकारहरुले उल्लेख गरेका छन्। त्यो बेलामा राजाको हुकुमी शासन थिएन। नियम बनाएर नै काम गरिन्थ्यो। (समग्गा सन्नि पतिस्सांति समग्गा संघकरणीयानि करिस्सांति महापरिनिव्वाण सुत्त भाग-२)मा उल्लेख गरिएको छ। कतिपय इतिहासकारले लिच्छवीहरुले मगधमाथि आक्रमण गरेको थियो । उतिखेर, मगधको पराजय भयो। युद्धको कारण उल्लेख नभएपनि सम्भवतः मगध नरेशले लिच्छवी पुत्रीसँग विवाहको प्रस्ताव स्वीकृत नगर्दा सम्बन्ध चिसिँदै अन्ततः युद्धमा परिणत भयो । किनभने, मगध पराजय भएपछि लिच्छवी राजा चेतककी पुत्री चेलना र मगध नरेश विम्बिसारबीच विबाह भएको थियो । (हेव्साँगको विवरण (बुधिष्ठ रेकर्ड आँफ वेस्टर्न वर्ल्ड, भाग-२ को १६६ पेजमा) उल्लेख गरेको छ। तर, पराजयको पीडा मगधको अजातशत्रुले विर्सेको थिएन् । उनले आफ्नै पिता विम्बसारलाई बन्दी बनाएर लिच्छवीको वैशाली गणराज्यविरुद्ध युद्ध लडेका थिए । मोहमायाबाट मुक्ति पाइसकेका बुद्धले अजातशत्रुले लिच्छवीको राज्यमाथि आक्रमण गर्न खोजेको छ भनेर थाहा पाएपछि उनलाई युद्ध नगर्न सचेत गराएका थिए। बुद्धको उपदेश पाएपछि तत्काल उनले युद्धको विचार त्याग गऱ्यो । उनले सिधैं आक्रमण गर्नुको सट्टा लिच्छवी सङ्घलाई तोड्ने रणनीति बनाए । उनले लिच्छवीका गणहरुमा आपसी कलह गराउनका लागि योजना बुन्न थाले। यो कार्यका लागि आफ्ना मन्त्री वस्सकारलाई जिम्मेवारी दियो। (भगवतीसूत्र ३००)मा उल्लेख गरिएको छ । अजात शत्रुले वैशालीमाथि आक्रमण गर्नका लागि गङ्गानदीको दक्षिण तटमा पाटलीपुत्र नगरको स्थापना गऱ्यो । त्यहाँ मगध सेनालाई सङ्गठित गरेर लिच्छवीमाथि आक्रमण गरेको भारतीय इतिहास उल्लेख गरिएको छ। लिच्छवी सङ्घभित्र फुट चरमोत्कर्ष अवस्थामा पुगेपछि अजातशत्रुले आक्रमण गरेको थियो । अन्ततःलिच्छवी पराजित भए।

> प्राचीन नेपालमा सन् ४००देखि ७५० अर्थात साढे तीनसय बर्ष उपत्यकामा शासन गरेको देखिन्छ । कोटिल्यको अर्थशास्त्रअनुसार र चीनियाँ यात्रीको यात्रा वृतान्तको आधारमा लिच्छवीहरु वैशालीबाट भागेर आएका सोम वंशी वीरहरुले सूर्यवंशी किराँतहरुलाई खेदेर राज्य कब्जा गरेको उल्लेख गरिएको छ । उपत्यकामा मानदेव लिच्छवी वंशका प्रथम राजा थिए । तर, इतिहासकार एकमत नरहेको देखिन्छ । मानदेवभन्दा १६ पुस्ता अगाडि विक्रम सम्बत्को दोश्रो शताब्दीमै जयदेव प्रथमले उपत्यकामा लिच्छवी राज्यको जग बसालेको विश्वास गरिन्छ ।

त्यति शक्तिशाली लिच्छवीलाई पराजितको मुख्य कारण अहिंसावादी नीतिनै मुख्य कारकरहेको भनेर विश्लेषण गरिएको छ। लिच्छवीहरु बुद्धको अनुनायी भएको कारण शान्ति र अहिंसाको पक्षधर भइसकेका थिए । सैनिक व्यवस्थापन कमजोर बन्यो । गणराज्यअन्तर्गत वज्जि सङ्घका राजाहरुले सहयोग नगर्दा लिच्छवीहरुको पराजय भयो। बर्षौपछि, लिच्छवीहरु सङ्गठित भएर ईस्वी सन्को शुभारम्भ अर्थात पहिलो शताब्दीमा लिच्छवी सङ्घले पुनः स्वतन्त्रताको घोषणा गऱ्यो । उत्तरी विहारमा वैशाली राज्यशक्तिशाली राष्ट्रको रुपमा स्थापित भयो । चौंथो शताब्दीमा गुप्त नरेशसँग वैवाहिक सम्बन्ध स्थापित भएपछि झन शक्तिशाली बन्यो। यसको पुष्टि अभिलेख र स्वर्ण मुद्राहरुबाट हुन्छ । ति दुवै राष्ट्रबीच पारस्परिक सम्बन्ध र सहयोग भइरहन्थ्यो। गुप्तकालिन स्वर्णमुद्रामा पनि लिच्छवीको बारेमा उल्लेख गरिएको । सम्भवतः साम्राज्यवादी कल्पनाको समक्ष लिच्छवी गणराज्य अस्तित्व बचाउन सकेन् । त्यसपछि, लिच्छवीहरु छैठो शताब्दीमा काठमाडौं पुगेर किरातसँग युद्ध गरी उपत्यकामा राज्य स्थापना गरेको देखिन्छ । भारतीय इतिहासकारले काठमाडौं नगरको स्थापना लिच्छवी राजा गुणकामदेवले गरेको उल्लेख गरेको छ। उपत्यका नेवारहरु लिच्छवीको सन्तति हुन भनेर भारतीय इतिहासमा उल्लेख भेटिन्छ । उनीहरुको परम्परा अहिलेसम्म जीवित रहेको छ।

### वैशालीको लिच्छवी

सूर्यवंशीय राजा इश्वाकुको पुत्र विशालले राज्य स्थापना गरेपछि उनको नाममा सो राज्यको नाम वैशाली राखिएको कतिपय इतिहासकारको मत छ। वैशालीका प्रथम शासक नमेनेदिष्ट र अन्तिम राजा सुति वा प्रमाति थिए। उक्त वंशको २४ वटा राजाले शासन गरेको थियो । कुशल प्रशासन, शान्ति सद्भाव, कला र वास्तुकलाको विकासका साथै छिमेकी देशसँग मैत्रीपूर्ण सम्बन्धको कारण लिच्छविकाललाई स्वर्णकाल भन्ने गरिन्छ । गङ्गा नदीको दक्षिणी भागमा मगधको शक्ति देखेर लिच्छवीहरुले महा-विदेश साम्राज्यको दक्षिणी भागमा अवस्थित बैशालीमा राजधानी स्थापित गऱ्यो।

वैशालीको वरपर बसाइ गरेपछि लिच्छवीहरु एक राज्यको गठन गऱ्यो। जसलाई गणसङ्घ रुपमा सङ्गठित गरेको थियो। विस्तारै लिच्छवीहरु स्वयं पूर्व महा विदेश साम्राज्यको अग्रनी शक्ति बनेर सम्प्रभुता प्राप्त गऱ्यो । विदेश गणराज्यमाथि मिथिला र सो वरपरका बस्ने क्षेत्रीहरुहरुको सभाको शासन थियो। त्यसलाई लिच्छवीसभा भनिन्थ्यो । सो कारणले विदेहमाथि लिच्छवी गणराज्यको महत्वपूर्ण प्रभावमा थियो । जसमा वज्जिका लीगको दुई महत्वपूर्ण सहस्यहरु मध्ये लिच्छवी गणराज्यको हुन्थ्यो। जो वज्जिका लीगको नेतृत्वमा एक अस्थायी लीग थियो , वज्जिका लीगको १८ सदस्यमध्ये ९ वटा सिटमा लिच्छवी थियो र विदेशको घरेलु प्रशासनसम्बन्धी स्वायत्तता प्राप्त गरेका लिच्छवीहरुले विदेहको नीतिलाई पुर्ण रुपमा नियन्त्रणमा राखेको थियो । लिच्छवीको नेतृत्वको वज्जिका लीगमा एक गण प्रमुख हुन्थ्यो । लिच्छवीहरुले यसरी गणतान्त्रत्मक पद्धतिको आधारमा राज्य सञ्चालन गर्दै आइरहेको थियो।

### उपत्यकामा लिच्छवी

प्राचीन नेपालमा सन् ४००देखि ७५० अर्थात साढे तीनसय बर्ष उपत्यकामा शासन गरेको देखिन्छ। कोटिल्यको अर्थशास्त्रअनुसार र चीनियाँ यात्रीको यात्रा वृतान्तको आधारमा लिच्छवीहरु वैशालीबाट भागेर आएका सोम वंशी वीरहरुले सूर्यवंशी किराँतहरुलाई खेदेर राज्य कब्जा गरेको उल्लेख गरिएको छ। उपत्यकामा मानदेव लिच्छवी वंशका प्रथम राजा थिए। तर, इतिहासकार एकमत नरहेको देखिन्छ । मानदेवभन्दा १६ पुस्ता अगाडि विक्रम सम्बत्को दोश्रो शताब्दीमै जयदेव प्रथमले उपत्यकामा लिच्छवी राज्यको जग बसालेको विश्वास गरिन्छ।

### कहाँ हराए लिच्छवी ?

उपत्यकामा लिच्छवीहरु प्रवेश गरेपछि उनीहरुहरुको वैवाहिकलगायतका सम्बन्ध नेवारसँग हुन थाल्यो। पहाडी बाटो भएर मैदानी भूभागमा आवतजावतमा कठिनाइको कारण दुवै समुदायबीच वैवाहिक सम्बन्ध स्थापित हुन लागेको होला। अर्कोतर्फ, बाह्रौ शताब्दीमा मिथिला राज्य सिमरौंनगढमाथि गयासुद्दिन तुगलकले आक्रमण गरी कब्जा गरेपछि हरिसिँह देव आफ्ना ससुराली भक्तपुरमा जाँदै गर्दा उनको बाटोमा मृत्यु भयो। त्यसपछि, हरिसिंह देवका पत्नी, सन्तान, र विश्वासपात्रका साथै केही सैन्यसहित भक्तपुर पुग्यो । वैवाहिक सम्बन्ध राजपरिवारमा पहिलेदेखि नै थियो विस्तारै विस्तारै उपत्यका लिच्छवी र मैथिल समुदायका अधिकांस परिवार नेवार जातिमा समाहित समाहित भएको देखिन्छ।

भारतको इतिहासकार डा. के के पिल्लेको अनुसार मा नायर अर्थात नागर। नागा साम्राज्यद्वारा महाभारतकालमा कुरु क्षेत्रको युद्धमा सहभागी भएका थिए । नागर अर्थात नेवार ब्राह्मण नागर योद्धाहरुको सन्तान हुन। नागरहरुको आठ सर्पहरुमा वासुकी, अनन्त, तक्षक, सङ्गपाल,गुलिका महापद्य, सरकोटा र कर्कोट हुन् । कर्कोटको नायरहरुका लागि पद्यनाभ मन्दिरको विशेष महत्व छ। तसर्थ, नेपालका आदिवासीका साथै विभिन्न समुदायको आगमणलगायतका विषयमा विषय थप अनुसन्धान गर्नुपर्ने देखिएको छ। 'इतिश्री'

# पुष्पलालको जन्मशताब्दी 'पुष्पलालको जन्मशताब्दी र नेपाली कम्युनिष्ट आन्दोलन'



महेन्द्रप्रकाश सिवाकोटी

नेपालको कम्युनिष्ट आन्दोलनका आरम्भकर्ता पुष्पलालको जन्म १९८१ असार १५ गते रामेछापको भञ्जेरीमा भएको थियो। शहीद गङ्गालालको भाइ पुष्पलाल, परिवारको माइलो छोरो हुनुहुन्थ्यो। नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल, राजा महेन्द्रले २०१७ सालमा प्रजातन्त्रमाथि 'कू' गरेपछि भारत निर्वासित हुनु भएको थियो। निर्वासनकै क्रममा उहाँ गम्भीर रूपमा बिरामी हुनुभयो। उपचारकै क्रममा २०३५ साउन ७ गते भारतस्थित नयाँदिल्लीमा उहाँको निधन भयो।

नेपालका कम्युनिष्ट र नेपाली काँग्रेस मिलेर संयुक्तरूपमा जनआन्दोलन गरेमा नेपालमा प्रजातन्त्रको बहाली हुन्छ भन्ने उहाँको विचार थियो । आज पनि पुष्पलालको विचारलाई विश्लेषण गरेर भन्ने हो भने नेपालका कम्युनिष्ट र नेपाली कांग्रेस दुवै मिलेर जनताको भावना अनुरूपको समृद्ध नेपाल निर्माण गर्न अगाडि बढ्ने हो भने मुलुकले निश्चय नै विकासको ठूलो फड्को मार्नेछ। देश समृद्ध हुनेछ र नेपाली जनता सुखी हुनेछन्।

नेपाली कम्युनिष्ट आन्दोलनका शिखर पुरूष हुनुहुन्थ्यो-पुष्पलाल । नेपाली कम्युनिष्ट राजनीतिमा उहाँको उपस्थिति र भूमिकाले नै नेपालमा कम्युनिष्ट पार्टी स्थापना र उक्त सङ्गठन विस्तारका लागि उत्प्रेरकको भूमिका निर्वाह भएको थियो । पुष्पलालको परिवार राजनीतिक रूपमा अपरिचित थिएन। उहाँका आफ्नै दाजु गङ्गालाललाई २२ वर्षको कलिलो उमेरमा राणा शासकहरूले गोली हानेर हत्या गरेका थिए । सानैदेखि राजनीतिक परिवेशमा हुर्केका र आफ्नै अगाडि दाजुको गोली हानी हत्या गरेको अवस्था अनि घरमा भइरहने राजनीतिक जमघट र गतिविधि किशोर पुष्पलालका लागि प्रेरक घटना बनेका थिए। दाजु गङ्गालालले आफ्नो हत्या हुनुअघि "आफूले गर्न नसकेको प्रजातन्त्रको स्थापनाको कार्यभारलाई तिमीले गाउँको कुनाकुनासम्म पुऱ्याउनु" भन्ने सन्देशलाई उहाँले जीवनभरि पछ्याइरहनुभयो । गङ्गालाललाई शोभाभगवतीमै हत्या गरेकै दिन पुष्पलालले नेपालबाट पारिवारिक राणा र सामन्ती सत्ताको अन्त्य गरी सच्चा जनवादी लोकतान्त्रिक न्यायपूर्ण गणतन्त्रवादी नेपाल निर्माण गर्ने प्रण गर्नु भएको थियो।

### कम्युनिष्ट पार्टीको स्थापना

विसं १९९८ मा पुष्पलाल श्रेष्ठले प्रेमबहादुर कंसाकार, शम्भुराम श्रेष्ठ, सूर्यबहादुर भारद्वाज र राजारामसँग मिलेर नेपाली प्रजातान्त्रिक सङ्घको गठन गर्नुभयो । सङ्घमा रहेका सदस्यले आ-आफ्नो रगतले प्रतिज्ञापत्रमा सही गरेर पार्टीमा लाग्नुपर्ने नियम बनाएका थिए। सङ्घले राणाशासनको विरोध गर्ने, विद्यालयहरू खोली विभिन्न खालका सीपमूलक तालिम दिने गरिन्थ्यो। भारतमा पनि राणाविरोधी क्रियाकलाप बढाउन पुष्पलालले भित्रभित्रै नेपाल प्रजा परिषद्का नेताहरूसित गोप्यरूपले सम्पर्क राखी टङ्कप्रसाद आचार्यलगायत अरू नेताहरूको फोटो सन् १९४२ मा भारत, पटनाबाट प्रकाशित हुने 'जनता' पत्रिकामा प्रकाशित गर्न मद्दत गर्नुभयो।

त्यस्तै २००४ सालमा नेपाली राष्ट्रिय काग्रेसले नागरिक अधिकारका लागि गरेको आन्दोलनको नेतृत्व पुष्पलाल, शम्भुराम श्रेष्ठ, स्नेहलता श्रेष्ठ, साहना प्रधान आदिले गर्नुभयो । मार्क्सवाद-लेनिनवादलाई सर्वोत्तम विचारधारा ठानी २००६ सालमा कलकत्तामा पुष्पलालले नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्नुभयो। यसका संस्थापक सदस्यहरूमा नरबहादुर कर्माचार्य, निरन्जन गोविन्द वैद्य, नारायण विलास जोशी, मोतिदेवी श्रेष्ठ आदि थिए।

### कम्युनिष्ट पार्टीको घोषणापत्र

पुष्पलालले नेपालमा कम्युनिष्ट विचारधाराको व्यापक प्रचार-प्रसार गर्न कार्लमार्क्स र फेडरिक एंगेल्सद्वारा लिखित 'कम्युनिष्ट घोषणापत्र' नेपाली भाषामा अनुवाद गर्नुभयो । सो घोषणापत्र मार्क्सवादी विचारको नेपाली भाषामा पहिलो साहित्य हो। २००६ वैशाख १० गते नेपालमा कम्युनिष्ट पार्टीको आवश्यकता छ भन्ने महसुस गरी नेपाल कम्युनिष्ट पार्टी स्थापनार्थ सङ्गठन समितिको गठन आफ्नो नेतृत्वमा गर्नुभएको थियो। यसका सदस्यहरूमा गोविन्द निरन्जन वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ रहनुभएको थियो । यस सङ्गठन समितिले २००६ भाद्र ३० गते नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्रका साथ विधिवत् नेपाल कम्युनिष्ट पार्टीको घोषणा गऱ्यो । पार्टी स्थापना भएपछि विस्तारै कम्युनिष्ट पार्टीको सदस्यमा मनमोहन अधिकारी, तुलसीलाल अमात्य, शम्भुराम श्रेष्ठ, डिपी अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, हिक्मतसिंह भण्डारी, केशरजङ्ग रायमाझी आदि जोडिनुभयो। विसं २००८ मा पुनः कलकत्ताको एक धर्मशालामा कम्युनिष्ट पार्टीको पहिलो सम्मेलन भयो। नेपालको आधुनिकीकरणका लागि 'नयाँ जनवादका निम्ति नेपाली जनताको बाटो' नामक कार्यक्रम पास भयो। यही बैठकले नेपालमा नयाँखाले पुँजीवादी जनवादी क्रान्ति गर्नुपर्ने आवश्यकतालाई जोड दियो यसलाई नयाँ जनवादी कार्यक्रमको संज्ञा दिइएको थियो। क्रान्तिपछि राज्यको स्वरूप नयाँ जनवादी गणतन्त्र हुने घोषणा गरिएको थियो । यसले नयाँ जनवादी गणतन्त्रमा सामन्तवाद-साम्राज्यवाद विरोधी सबै दलहरूलाई प्रतिस्पर्धात्मक छुट दिने र राज्यको आर्थिक व्यवस्था समाजवादोन्मुख हुने तथा निजी र सरकारी दुवै क्षेत्रको सहकार्यमा समाजवादको निर्माण गर्ने र प्रेस स्वतन्त्रता, बोल्ने, लेख्ने, सम्पत्ति आर्जन गर्ने र सबै प्रकारका मौलिक हक हुने कार्यक्रम ल्याएको थियो। त्यस्तै स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिएको थियो। त्यस्तै क्रान्तिकारी भूमिसुधार लागू गर्ने, जनतालाई निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टी, गास, बास र कपासको अनिवार्य व्यवस्था राज्यले गर्नुपर्ने आदि महत्वपूर्ण कुरा यसमा उल्लेख गरिएका थिए।

### समाज अध्येता पुष्पलाल

आफ्ना समकालीन नेताहरूभन्दा फरक पुष्पलाल राजनीतिक कर्महरूमा मात्र सीमित हुनु भएन । उहाँले नेपाली समाजको अध्ययन गर्ने, नेपाली इतिहासलाई मार्क्सवादी-भौतिकवादी दृष्टिकोणले केलाउने र त्यसको आधारमा नेपाली क्रान्तिको कार्यक्रम तय गर्ने ऐतिहासिक जिम्मेवारी वहन गर्नुभयो । नेपाली समाजको विश्लेषणको क्रममा पुष्पलाल नेपाली समाज अर्धसामन्ती र अर्ध-औपनिवेशिक रहेको निष्कर्षमा पुग्नुभएको थियो। २०२५ सालको तेस्रो सम्मेलनबाट नयाँ जनवादी कार्यक्रम पारित गर्दा उहाँ दीर्घकालीन सशस्त्र किसान क्रान्ति सङ्घर्षमार्फत् नयाँ जनवाद स्थापना गर्नुपर्ने निष्कर्षमा पुग्नुभएको थियो। उहाँले नेपाली समाजमा पूर्ण प्रजातान्त्रिक (जनवाद) मूल्य र मान्यताको स्थापना र सामाजिक न्यायका लागि जीवनभर आन्दोलनमा होमिनु भयो। उहाँ जहिले पनि श्रमिकको हित र विशेष गरेर समाजको पिछडिएको वर्गको हितको बारेमा सोच्ने गर्नुहुन्थ्यो । २००७ सालको क्रान्तिकालमा त्रिपक्षीय दिल्ली सम्झौता (राजा, राणा, भारतबीच भएको) विरूद्ध पुष्पलालले नेतृत्व गर्नु भई राष्ट्रियताको पक्षमा सङ्घर्ष चलाउनुभयो । त्यो सङ्घर्षले नेपालमा कम्युनिष्ट आन्दोलनका लागि पर्याप्त सहयोग पुऱ्यो। त्यतिबेलाको नेपाली समाजमा एउटा उदाउँदो चम्किलो नेताको रूपमा आफ्नो छवि स्थापना गर्नुभएको थियो। उहाँमा सशक्त नेतृत्वदायी क्षमता थियो। उहाँ समाज परिवर्तनको प्रवर्तक हुनुहुन्थ्यो । उहाँले राणाविरोधी आन्दोलन, प्रजातान्त्रिक सुधार र निरङ्कुश शासनको अन्त्यका लागि सशक्त नेतृत्व गर्नुभएको थियो।

उहाँको बौद्धिकता उहाँले लेखेका मार्क्सवाद र समाजवादसँग सम्बन्धित लेखकहरूबाट झल्कन्छ । प्रगतिशील बुद्धिजीवि सम्मेलनमा दिएको भाषण, नेपालमा मातृसत्तात्मक समाज, नेपालमा राजतन्त्रको उत्पत्ति विकास र यसको भविष्य (अन्त्य), नेपाली समाजको ऐतिहासिक सर्वेक्षणको आवश्यकताका साथै उहाँले 'कम्युनिष्ट पार्टीको घोषणापत्र' नेपाली भाषामा अनुवाद गर्नुभएको थियो । साथै, नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र पनि उहाँले नै लेख्नुभएको हो। उहाँका लेख-रचनाहरू नेपाली नागरिकलाई शिक्षित र जागरूक गर्ने खालको हुन्थ्यो।

अन्तर्राष्ट्रिय समाजवादी र कम्युनिष्ट आन्दोलनहरूसँग पुष्पलालको सम्बन्ध रहेको छ । उहाँले मस्को र बेइजिङका सम्मेलनहरूमा भाग लिनुभएको थियो। विश्वका शोषित, उत्पीडित जनताको पक्षमा सङ्घर्षरत पार्टीहरूसँग उहाँको सम्बन्ध र ऐक्यबद्धता थियो। उहाँले नेपाली समाजको समाजवादी विचारधारा र सामाजिक परिवर्तनका लागि रणनीतिहरूबारे समेत चर्चा गर्न चुक्नुभएको थिएन। पुष्पलाल राजतन्त्रको प्रखर आलोचक हुनुहुन्थ्यो र नेपालमा गणतन्त्रको वकालत गर्ने पहिलो व्यक्ति पनि हुनुहुन्थ्यो । उहाँले सामन्ती शासनभन्दा जनताको हितलाई प्राथमिकता दिने राजनीतिक संरचनामा विश्वास गर्नुभएको थियो। उहाँले नयाँ जनवादी कार्यक्रम नेपाली जनताको एक मात्र मूलबाटो कार्यक्रम नै प्रस्तुत गर्नुभयो।

आफ्नो राजनीतिक जीवनकालभर पुष्पलालले नेपालमा पूर्ण प्रजातन्त्र (जनवाद) र समाजवादको आन्दोलनलाई बलियो बनाउन सामन्तीवाद इतर-शक्तिहरूको गठबन्धन बनाउने काम गर्नुभयो। उहाँ नेपाली जनताको उत्थान, सामन्ती शासनको अन्त र गणतन्त्रको स्थापनाका लागि नेपालका सबै सामन्तीवाद इतर-शक्तिहरूको राजनीतिक पार्टीहरूमा कार्यगत एकताको पक्षमा हुनुहुन्थ्यो। त्यही अनुरूप उहाँले टङ्कप्रसाद आचार्यले नेतृत्व गरेको प्रजा परिषद्समेतको जातीय जनतान्त्रिक मोर्चा बनाउनदेखि सामन्तवाद इतर अन्य राजनीतिक दलहरूलाई पनि संयुक्त आन्दोलनमा हिस्सा लिन उत्प्रेरणा गर्नु भएको थियो । पुष्पलालका विचार र सिद्धान्तले नेपालको राजनीतिक बहसलाई आज पनि निरन्तर प्रभाव पारिरहेको छ । अबको नेपाली जनताको मुक्तिमार्ग पुष्पलालको सिद्धान्त र नीतिबाहेक अर्को विकल्प छैँदैछैन । आगामी पुस्ता र राजनीतिककर्मीहरू लागि सामाजिक परिवर्तन र प्रगतिको दिशामा अग्रगतिमा बढ्न चाहनेहरूले पुष्पलालको सिद्धान्त र नीतिलाई प्रेरणा तथा मार्गदर्शनको स्रोतको रूपमा लिनु अत्यावश्यक छ । समग्रमा नेपालको राजनीतिक र वैचारिक परिदृश्यमा पुष्पलालको योगदान गहिरो र दूरगामी छ। नेपाल कम्युनिष्ट पार्टीका संस्थापक सदस्यहरूमध्ये एक र समाजवादी सिद्धान्तहरूको प्रखर अधिवक्ताको रूपमा पुष्पलालले सामाजिक कल्याण, आर्थिक समानता र श्रमिक वर्गको अधिकारको वरिपरि केन्द्रित राजनीतिक बहसका लागि आधार तयार पार्नुभएको थियो।

यसबाहेक पुष्पलालको प्रभाव राजनीतिक आन्दोलनहरूमा प्रत्यक्ष संलग्नताका साथै दार्शनिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत नेपाली समाजमा वर्गहरूको स्थिति विश्लेषण मार्क्सवादी चिन्तनको आधारमा गर्नुभएको थियो। समाजवाद र नेपालको राजनीतिक परिदृश्यमा लेखिएका लेखहरूसहित उहाँका बौद्धिक योगदानले युवा कार्यकर्ता र बुद्धिजीवीहरूका लागि मार्गदर्शन गर्ने कार्य गरेको थियो र आज पनि गरिरहेको छ। उहाँले छाडेको विचारधारा आज पनि उत्तिकै सान्दर्भिक र समसामयिक छ । लोकतान्त्रिक मूल्यमान्यता, सामाजिक कल्याण र आर्थिक समानताका लागि उहाँको वकालतले नेपालमा वामपन्थी राजनीतिक दलहरूको नीति र प्राथमिकताहरूलाई आकार दिन ठूलो टेवा पुऱ्याएको छ।

पुष्पलालको संयुक्त जनआन्दोलनको नीतिले नेपालमा सामन्ती राजतन्त्रको अन्त्य हुन पुगेको कुरा सबैले महसुस गरेकै हो। सामाजिक न्याय, समावेशी विकास र लोकतान्त्रिक शासन व्यवस्थाका लागि चलिरहेको आन्दोलनमा उहाँको स्थायी छाप कहिले पनि मेटिने छैन । उहाँको विरासतले अझ न्यायपूर्ण, समतामूलक र पूर्ण प्रजातान्त्रिक (जनवाद) समाजका लागि चलिरहेको सङ्घर्षमा एउटा ठूलो कोसेढुङ्गाको रूपमा कार्य गरेको छ; जसले वर्तमान र भावी पुस्तालाई आफ्नो जीवनभरि एउटा प्रेरणादायक भूमिका निभाउन र पुष्पलाल देखाएको मार्गमा हिड्न सङ्घर्ष गर्दै अगाडि बढ्ने प्रेरक बनोस्। (लेखक पुष्पलाल जन्म शताब्दी समारोह समितिका सदस्य हुनुहुन्छ)

# आजदेखि एकीकृत समाजवादीको दशौँ राष्ट्रिय महाधिवेशन




काठमाण्डु। नेकपा (एकीकृत समाजवादी) को आसन्न दशौँ राष्ट्रिय महाधिवेशनको तयारी पूरा भएको छ । यही असार १६ देखि २० गतेसम्म प्रज्ञा प्रतिष्ठान कमलादीमा आयोजना हुने सो महाधिवेशनमा राजनीतिक प्रतिवेदन, समाजवादी कार्यक्रम, विधानसम्बन्धी र साङ्गठनिक प्रतिवेदनमा छलफल हुने छ।

महाधिवेशनका बारेमा जानकारी दिन शनिबार आयोजित पत्रकार सम्मेलनमा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आसन्न महाधिवेशनमा प्रस्तुत गरिने आवश्यक दस्तावेज तयार भइसकेको जानकारी दिनुभयो । ती दस्तावेज कम्युनिष्ट पार्टीको इतिहासमा नयाँ र जनअधिकारको पक्षमा महत्वपूर्ण हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

पत्रकार सम्मेलनमा सम्मानित नेता झलनाथ खनालले महाधिवेशनबाट पारित हुने वैचारिक दृष्टिकोण तथा कार्यक्रमका आधारमा नेतृत्व चयन गरिने जानकारी दिनुभयो । उहाँले नेतृत्वमा सहमति हुन नसके लोकतान्त्रिक पद्धतिबाट प्रक्रिया अगाडि बढाउनुपर्छ भन्नुभयो । महाधिवेशनमा एक हजार आठ सय ४९ प्रतिनिधिले भाग लिनेछन् । ती प्रतिनिधिले दुई सय ९९ सदस्यीय कार्यसमिति तथा २१ पदाधिकारीको चयन गर्ने छ। पार्टी अध्यक्ष नेपालले आइतबार महाधिवेशन उद्घाटन गर्नुहुने कार्यक्रम छ।

पार्टी अध्यक्ष नेपालको नेतृत्वमा गठित महाधिवेशन मूल व्यवस्थापन समितिले महाधिवेशनका आवश्यक सबै काम अन्तिम चरणमा पुगेको जनाएको छ । काठमाडौं उपत्यका बाहिरका प्रतिनिधिहरू आइसकेको जनाइएको छ।

महाधिवेशनस्थल आसपासमा उनीहरूलाई आवासको व्यवस्था मिलाइएको छ भने प्रतिनिधिलाई महाधिवेशनस्थलभित्रै खानाको व्यवस्था गरिएको छ। महाधिवेशनस्थललाई आकर्षक बनाउन सिगारिएको छ। करिब तीन वर्षअघि गठन गरिएको पार्टीले आसन्न महाधिवेशनलाई दशौँ राष्ट्रिय महाधिवेशनका रुपमा दाबी गरेको छ।

एकीकृत समाजवादीले हालसम्म सम्पन्न भएका नौ अधिवेशनको स्वामित्व लिएर अहिलेको राष्ट्रिय अधिवेशनलाई दशौँ मानेको छ ।रासस

# वामपन्थी सहकार्यलाई सफल बनाएर एकताको ढोका खोल्नुपर्छः प्रधानमन्त्री

**नेकपाका संस्थापक महासचिव पुष्पलालको “पुष्पलाल जन्मशताब्दी” समारोहलाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष दाहालले नेपाली कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्ने प्रयासमा कम्युनिस्ट एवं वामपन्थी शक्तिहरूले भूमिका खेल्दै आएको बताउनुभयो ।**



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले विचारधारात्मक प्रश्नहरूमा समान दृष्टिकोण निर्माण गर्दै कम्युनिष्ट एवं वामपन्थी शक्तिहरू एकताबद्ध हुनुपर्छ भन्नेमा आफू र आफू नेतृत्वको पार्टी स्पष्ट रहेको बताउनुभएको छ।

नेकपाका संस्थापक महासचिव पुष्पलालको ‘पुष्पलाल जन्मशताब्दी’ समारोहलाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष दाहालले नेपाली कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्ने प्रयासमा कम्युनिस्ट एवं वामपन्थी शक्तिहरूले भूमिका खेल्दै आएको बताउनुभयो।

“विगतमा नेपाल दुई ठूला कम्युनिस्ट पार्टीलाई एकताबद्ध गर्ने प्रयासस्वरूप नेकपा निर्माण गर्‍यौँ। तर, कतिपय हाम्रा सीमा तथा कतिपय सन्दर्भमा वैचारिक प्रश्नहरूमा समान दृष्टिकोण निर्माण र बुझाइ कायम गर्ने कुरामा हतारिँदा एकता दीगो हुन सकेन”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “विगतका अनुभवबाट समेत शिक्षा लिँदै वामपन्थी शक्तिहरूबीचको समीकरण सुदृढ गर्ने र सहकार्यलाई बलियो बनाउँदै जानुपर्छ।”

व्यवस्थामा आएको परिवर्तनअनुरूप जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने कोशिस जारी रहेको बताउँदै प्रधानमन्त्रीले सामन्ती व्यवस्थाको अन्त्यपछि देशले पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सामाजिक न्याय लगायतका क्षेत्रमा गुणात्मक प्रगति हासिल गरेको बताउनुभयो।

“दशकौँ लामो सङ्घर्षका बलमा समाजवादउन्मुख संविधान निर्माण गर्न सफल भएका छौँ”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “सामन्ती राजतन्त्रको ठाउँमा समावेशी गणतन्त्र, एकात्मकताको ठाउँमा विकेन्द्रिकरणसहितको सङ्घीय प्रणाली, एकल भाषा, धर्म र संस्कृतिको ठाउँमा बहुभाषिकता, धर्मनिरपेक्षता र प्रगतिशील संस्कृतिको निर्माणलगायतका उपलब्धी प्राप्त गरेका छौँ।”

क्रान्तिले आम जनसमुदायमा शीघ्र परिवर्तनको आकाङ्क्षा जगाइदिएको परिस्थितिमा जनताको आकाङ्क्षाबमोजिम परिवर्तनको बेगलाई बढाउनुपर्ने जिम्मेवारी र चुनौती रहेको बताउँदै प्रधानमन्त्रीले जनआकांक्षा पूरा गर्न कम्युनिस्ट तथा वामपन्थी शक्तिहरूले थप जिम्मेवारीका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो।

“म यही मञ्चमार्फत् सबै कम्युनिस्ट घटक र नेताहरूमा अपील गर्दछु- साझा मुद्दाहरूमा सहकार्य गर्दै अगाडि बढौँ। वैचारिक प्रश्नहरूमा गहन छलफल गरौँ र समान दृष्टिकोण निर्माणको दिशामा अगाडि बढौँ”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “इतिहास, हाम्रा स्कुल र पूर्वाग्रहका आधारमा होइन, नेपालमा समाजवादी क्रान्ति पूरा गर्ने सङ्कल्पका साथ खुला हृदयले बहस गरौँ र उचित निष्कर्षमा पुगौँ।”

निरङ्कुता विरोधी योद्धा, श्रमजीवी वर्गप्रति झुकाव उदार प्रजातन्त्रवादी, सिद्धान्तनिष्ठ, सरल तथा मिलनसार, इतिहास, समाजशास्त्र, मानवशास्त्रका ज्ञाता कमरेड पुष्पलालका योगदानहरूको सम्मान गर्दै प्रधानमन्त्री प्रचण्डले क्रान्तिको बाँकी कार्यभार पूरा गर्न सहकार्यका साथ अगाडि बढ्न आग्रह गर्नुभयो।रासस

# ‘राष्ट्र निर्माणमा सबै एकजुट हुनुपर्छ’



काठमाण्डु। नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले राष्ट्र निर्माणमा सबै एकजुट हुनुपर्ने बताउनुभएको छ।

बालचन्द्र स्मृतिसभा परिवार जनविचार पब्लिकेसनद्वारा शुक्रबार आयोजित प्रा घटराज भट्टराईद्वारा लिखित पुस्तक ‘ बालचन्द्र शर्मा व्यक्तित्व र सम्भावना’ परिमार्जित संस्करण लोकार्पण कार्यक्रममा वरिष्ठ उपाध्यक्ष पोखरेलले देश निर्माण, अखण्डता र राष्ट्रिय स्वाभिमानका लागि निर्णायक शक्ति बन्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, “हामी जुनसुकै राजनीतिक पक्षका व्यक्ति भए पनि राष्ट्र निर्माणमा हाम्रो एकमत हुनुपर्छ, देश निर्माणमा हाम्रो ध्यान जानुपर्छ।” वरिष्ठ उपाध्यक्ष पोखरेलले बालचन्द्र शर्मा देशका लागि आवश्यक व्यक्ति भएको र नेपालको प्रजातान्त्रिक आन्दोलनमा उहाँको योगदान अतुलनीय रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, “बालचन्द्र शर्मालाई वैदेशिक हस्तक्षेपको असहमति, राष्ट्रिय भावनाको समृद्धिको पक्षमा उभिने नेताका रुपमा मैले चिनेको छु।” कार्यक्रममा पत्रकार टङ्क पन्तलगायतले आ-आफ्नो धारणा राखेका थिए।रासस

# उत्पादत्व वृद्धिका निम्ति परम्परागत पद्धति परित्याग गर्न मन्त्री चौधरीको सुझाव



विराटनगर । ‘जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि’ नाराका साथ २१औँ राष्ट्रिय धान दिवस सुनसरीको गढीगाउँपालिका-३ छिटहामा उत्साहपूर्वक मनाइएको छ।

प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वयन एकाइ,मोरङको सहयोगमा स्थानीय चन्द्रोदय कृषि सहकारी संस्था लिमिटेडद्वारा आयोजित कार्यक्रमको महिला, बालिबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले शुभारम्भ गर्दै परम्परागत कृषि पद्धतिबाट उत्पादकत्व बढाउन नसकिने बताउनुभयो । मन्त्री चौधरीले कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणमा जोड दिनुभयो । साथै उहाँले आधुनिक खेतीले उत्पादकत्व वृद्धि हुने बताउँदै त्यसतर्फ लाग्न सबै किसानलाई सुझाउनुभयो।

कोशी प्रदेशसभा सदस्य रामदेव यादवले कृषि क्षेत्रको विकासका लागि सरकारीस्तरमा पर्याप्त लगानी नभएको गुनासो गर्नुभयो।

कोशी प्रदेशको उद्योग,कृषि तथा सहकारी मन्त्रालय सचिव लेखराज दाहालले कृषि क्षेत्रबाट अधिक रोजगारी प्राप्त हुने अधिकभन्दा अधिक क्षेत्रमा खेती गर्नुपर्नेमा जोड दिनुभयो । सहकारीका अध्यक्ष सुरेन्द्रप्रसाद मेहताको अध्यक्षतामा भएको सो कार्यक्रममा परियोजना कार्यान्वयन एकाइका प्रमुख मनोज यादवले व्यावसायिक कृषिको माध्यमबाट देशलाई समृद्धिको मार्गमा उन्मुख गराउन सकिने बताउनुभयो।

गतवर्ष असार १५ सम्ममा कोशी प्रदेशमा १६ दशमलव नौ प्रतिशत रोपाइँ भएकामा आजसम्म १३ दशमलव ७१ प्रतिशत मात्र रोपाइँ भएको उद्योग, कृषि तथा सहकारी मन्त्रालयका प्रतिनिधि अभिमन्यू अधिकारीले बताउनुभयो।कोशीका चौध जिल्लामा दुई लाख ७६ हजार तीन सय ८६ हेक्टर जग्गामा धान खेती हुने गरेको जानकारी दिँदै उहाँले हालसम्म ३७ हजार आठ सय ८० हेक्टर रोपाइँ भएको बताउनुभयो।

कार्यक्रममा दिइएको जानकारीअनुसार झापामा ७५ हजार चार सय ५९, मोरङमा ६९ हजार आठ सय १७ र सुनसरीमा ४८ हजार नौ हेक्टर जग्गामा धान खेती हुने गरेको छ। यसवर्ष यी तीनवटै जिल्लामा क्रमशः ११ दशमलव ३५, १० र ११ प्रतिशत रोपाइँ भएको छ । झापामा सबैधन्दा धेरै ७५ हजार चार सय ५९ हेक्टरमा र सोलुखुम्बुमा सबैभन्दा कम एक हजार दुई सय २५ हेक्टरमा रोपाइँ हुने गरेको छ। यसैबीच राष्ट्रिय धान दिवसकै अवसरमा मोरङको जहदा गाउँपालिकास्थित जिल्ला कृषि ज्ञान केन्द्रको आयोजनामा रोपाइँ कार्यक्रम आयोजना गरिएको थियो।रासस

# उच्चस्तरीय छानबिन समिति गठन गर्न कांग्रेसको माग

गोदावरीनेपालीकांग्रेससंसदीयदलले सुदूरपश्चिम सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका (रातो किताब)सार्वजनिक भएको सन्दर्भमा उच्चस्तरीय छानबिन गठनको माग गरेको छ।

शुक्रबार बसेको संसदीय दलको



बैठकले सरकारको वेबसाइट तथा प्रदेशसभा सदस्यलाई उपलब्ध नहुँदै रातो किताबको ‘ डिजिटल कपि’ अनधिकृतरूपमा सार्वजनिक भएकामा प्रदेश सरकारको लापरबाही गरेको आरोप समेत लगाएको छ।

संसदीय दलद्वारा जारी विज्ञप्तिमा सरकारको लापरबाहीका कारण रातो किताब अनाधिकृत व्यक्ति मार्फत सार्वजनिक भएको उल्लेख छ । विज्ञप्तिमा भनिएको छ, “ रातो किताब सार्वजनिक भएका विषयमा सत्यतथ्य पत्ता लगाउन प्रदेश सरकारले उच्चस्तरीय छानबिन समिति गठन गर्न पार्टीले माग गर्दछ। रातो किताब जस्तो अतिगोपनीय र संवेदनशील दस्तावेज अनधिकृतरूपमा सार्वजनिक हुँदासमेत सरकारले मौनता बस्नु हुँदैन । ” दलका प्रमुख सचेतक विक्रमसिंह धामीद्वारा जारी विज्ञप्तिमा यस विषयमा सरकारको आधिकारिक धारणाको माग गर्दै छानबिन समिति गठन नगर्दा उत्पन्न हुने परिस्थितिको जिम्मेवारी सरकारले लिनुपर्ने चेतावनी समेत दिएको उल्लेख छ।रासस

# उपभोक्तामैत्री कानुन आवश्यकः मन्त्री गिरी



पर्वत । कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले खानेपानीसम्बन्धी उपभोक्तामैत्री कानुन आवश्यकता रहेको बताउनुभएको छ।

गृहजिल्ला पर्वतमा शिवालय खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको १८औँ साधारणसभालाई आज सम्बोधन गर्दै मन्त्री गिरीले उपभोक्तालाई न्यून महसुल लाग्ने गरी ऐन संशोधनको आवश्यकता देखिएको बताउनुभयो।

स्वच्छ खानेपानी पाउनु नागरिकको मौलिक हक भएको बताउँदै उहाँले सबै नागरिकलाई सहज रूपमा खानेपानीको पुहँच पुर्याउन सरकार लागिरहेको बताउनुभयो । उहाँले पुराना योजनालाई व्यवस्थित गर्नुका साथै नयाँ योजनाहरूलाई विस्तार गरेर हरेक नागरिकको घरघरमा धारा विस्तार गर्ने योजना सरकारले ल्याएको बताउनुभयो।

मन्त्री गिरीले खानेपानीका स्रोतहरु सुक्दै जान थालेको अवस्थामा नयाँ स्रोतहरू खोजेर एकीकृत रूपमा आयोजना सञ्चालन गर्नुपर्ने बताउनुभयो।

उहाँले अहिले पनि नागरिकले खानेपानीका लागि ठूलो धनराशि खर्चिनुपरेको, गरिब समुदायले धारा जडान गर्नै नसक्ने अवस्था आएको बताउँदै यसको अन्त्य गरिनुपर्ने बताउनुभयो। उपभोक्तालाई शून्य लागतमा राज्यले पानी उपलब्ध गराउनुपर्ने बताउनुभयो।

मन्त्री गिरीले सदरमुकाम रहेको कुश्मा नगरपालिकामा बृहद् खानेपानी योजना सञ्चालन गर्न आग्रह गर्दै त्यसका लागि तीनै तहका सरकारबीच साझेदारी गर्न सुझाव दिनुभयो।

कम्तीमा रु दुई अर्ब बराबरको योजना निर्माण गर्न उहाँले आग्रह गर्नुभयो । फरक प्रसङ्गमा मन्त्री गिरीले बदमासी गर्ने सहकारी सञ्चालकलाई कारबाहीको दायरमा ल्याउनैपर्ने बताउनुभयो।

ऋण लिएर नतिर्नेहरूलाई जसरी बैंकले कालोसूचीमा राख्छ त्यसैगरी सहकारी ठगहरूलाई पनि कालोसूचीमा राखेर राज्यका सेवासुविधाबाट बञ्चित गर्नुपर्ने उहाँको भनाइ थियो।

सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि आवश्यक कानुन निर्माणको काम अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो । मन्त्री गिरीले मुलुकमा देखिएको अहिले अवस्थामा छिट्टै सुधार हुने बताउनुभयो। मुलुकको आर्थिक अवस्था विस्तारै लयमा आउँदै गरेको बताउँदै छिट्टै नेपालीहरूले सुखको श्वास फेर्न पाउने दाबीसमेत गर्नुभएको छ। उहाँले खानेपानीजस्ता पवित्र संस्थामा राजनीति गर्न नहुने बताउनुभयो। नागरिकलाई खानेपानी उपलब्ध गराउने उद्देश्यले खोलिएका यस्ता संस्थामा सर्वसम्मत रूपमा सक्षम नेतृत्व चयन गर्न उहाँले आग्रह गर्नुभयो।

कुश्मा नगरपालिकाका नगरप्रमुख रामचन्द्र जोशीले बढ्दो जनसंख्याको चापसँगै खानेपानीको अभाव पनि थपिँदै जाने बताउँदै नयाँ स्रोतहरू खोजी गरेर नागरिकलाई पानीको सहजता प्रदान गर्न आग्रह गर्नुभयो। कुश्माबजारमा वितरित पानी स्वच्छ रहेको बताउँदै यसलाई कायम राख्न उहाँले अनुरोध गर्नुभयो।रासस

# ‘धानको उत्पादन वृद्धिमा जलवायुमैत्री प्रविधिको विकास र विस्तार गर्न सरकार लागिरहेको छ’



सिद्धार्थनगर। लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले धानको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न जलवायुमैत्री प्रविधिको अनुसन्धान, विकास र विस्तारमा सरकार लागिरहेको बताउनुभएको छ।

२१औँ राष्ट्रिय धान दिवसका अवसरमा गृहजिल्ला रोल्पाको सुनिल स्मृति गाउँपालिका-५ काभ्रा पुग्नुभएका मुख्यमन्त्री महराले जलवायु अनुकूलित प्रविधिहरूको प्रसार, जैविक विविधताको उपयोग गरी पोषणयुक्त धानको उच्च उत्पादन दिने जातहरूको विकास तथा उत्पादनमा बढाउने रणनीतिमा लाग्नुपर्ने बताउनुभयो । “धान बालीमा जलवायुमैत्री प्रविधिहरूको अवलम्बन गराई उत्पादनमा वृद्धि गरी धान-चामलको आयात प्रतिस्थापनमा सहयोग पुर्याउन सरकार र कृषकले सहकार्य गर्नुपर्ने आवश्यकता छ”, उहाँले भन्नुभयो,“‘जनआकाङ्क्षा पूरा गर्ने हाम्रो सङ्कल्पः दिगो विकास र सुशासनमात्र विकल्प’ भन्ने लुम्बिनी प्रदेश सरकारको नारालाई साकार पार्न सरकार किसानसँग हातेमालो गरेर अगाडि बढ्न तयार छ।”

‘जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि’ नाराका साथ २१औँ राष्ट्रिय धान दिवसलाई व्यवहारमा लागू गर्न रोल्पाबाट प्रदेशवासीलाई सन्देश दिएको उहाँको सचिवालयले जनाएको छ।

त्यस अवसरमा सुनिल स्मृतिका गाउँपालिका अध्यक्ष मनिराम बुढाथोकी, पूर्वअध्यक्ष गुणेन्द्र घर्ती र पूर्वउपाध्यक्ष बागमती क्षत्रीनीलगायतको सहभागिता रहेको थियो।रासस

# कृषि उत्पादनलाई पर्यटनसँग जोडौँः मुख्यमन्त्री पाण्डे

लेखनाथ । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कृषि उत्पादनलाई पर्यटनसँग जोड्नुपर्नेमा जोड दिनुभएको छ।

एक्काइसौँ धान दिवसका अवसरमा पोखरा पर्यटन परिषद्ले शनिबार पोखरा-२३ को मार्गी फोवाफाँटमा आयोजना गरेको १९औँ असारे रोपाइँ महोत्सव-२०८१ को उद्घाटन गर्दै उहाँले रैथाने बालीको संरक्षण तथा उत्पादन गर्दै पर्यटकलाई आकर्षित गर्न सके किसानको पनि आयआर्जन बढाउन सकिने धारणा राख्नुभयो।

सिँचाइको सुविधा भएका फाँटसमेत बाँझै हुँदा विदेशबाट खाद्यान्न ल्याउनुपर्ने बाध्यता रहेको उल्लेख गर्नुहुँदै उहाँले खेतीयोग्य जमिनलाई बाँझो हुन नदिने किसानलाई अनुदान उपलब्ध गराउँदै प्रोत्साहित गर्नुपर्ने बताउनुभयो। खेतीयोग्य भूमि टुक्राउने कार्यलाई रोक्दै त्यस्ता जग्गामा धानलगायतका बाली लगाउन जरुरी रहेको उहाँको भनाइ थियो।

त्यसअवसरमा किसानले मुख्यमन्त्री पाण्डेलाई जेठो बुढो जातको धान र घ्यू उपहार दिएका थिए। गण्डकी प्रदेश सरकारका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री बिन्दुकुमार थापाले पर्यटनसँग कृषि उत्पादनलाई जोड्न सक्यौँ भने किसानमा समृद्धि आउने धारणा व्यक्त गर्नुभयो। उहाँले कृषिमा आधुनिकीकरण जरुरी भएको समेत उल्लेख गर्नुभयो।

गण्डकी प्रदेशसभाका सदस्य प्रकाश बरालले प्रत्येक वर्ष हर्पन खोलाले किसानलाई दुःख दिने गरेको उल्लेख गर्दै खोला संरक्षण जरुरी भएको बताउनुभयो। वर्षामा धान खेतमा खोलाको बाढी पस्दा किसानले दुःख पाउने गरेको उहाँको भनाइ थियो। रासस

# पानामा पेपर्स मुद्दामा २८ प्रतिवादीलाई सफाई




**एएफपी**

पानामा सिटी । पानामाको एक अदालतले 'पानामा पेपर्स' अन्तर्राष्ट्रिय कर छली काण्डको केन्द्रबिन्दु रहेको कानुनी संस्था (ल फर्म) मोसाक फोन्सेकामा सम्पत्ति शुद्धिकरण (मनी लाउन्ड्रिङ)को आरोप लागेका २८ जनालाई शुक्रबार सफाइ दिएको छ।

सफाइ पाउनेमा कम्पनीका संस्थापक जर्गेन मोसाक र रेमन फोन्सेका पनि रहेका छन् । रेमनको मे महिनामा पानामाको एक अस्पतालमा मृत्यु भइसकेको छ।

गत अप्रिलमा पानामा सिटीमा भएको सुनुवाइका क्रममा अभियोजन पक्षले दुवैलाई १२ वर्षको जेल सजाय माग गरेको थियो।

न्यायाधीश बालोइसा मार्क्विनेजले कानुनी ल फर्मको सर्भरबाट लिइएको प्रमाण प्रक्रियाअनुसार सङ्कलन नगरिएको पाइएपछि उक्त जोडी र अन्य २६ जनालाई सफाइ दिनुभएको छ।

'बाँकी प्रमाणहरू प्रतिवादीहरूको आपराधिक जिम्मेवारी निर्धारण गर्न पर्याप्त र निर्णायक नभएको' फैसला न्यायाधीशबाट भएको अदालतद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

सन् २०१६ मा मोसाक फोन्सेकाबाट चुहावट भएका कागजातहरूले विश्वका कति धनाढ्यहरूले अफशोर कम्पनीहरूमा सम्पत्ति लुकाएका थिए भन्ने खुलासा गरेको थियो।

बेलायतका पूर्वप्रधानमन्त्री डेभिड क्यामरून, रूसी राष्ट्रपति भ्लादिमिर पुटिन, फुटबल स्टार लियोनल मेस्सी, अर्जेन्टिनाका तत्कालीन राष्ट्रपति माउरिसियो म्याँक्री र स्पेनी फिल्म निर्माता पेड्रो अल्मोडोभरलगायतलाई पनि मुद्दा चलाइएको थियो।

पनामाका अभियोजकहरूले मोसाक र फोन्सेकाले अपारदर्शी कम्पनीहरू सिर्जना गर्न मद्दत गरेको आरोप लगाएका थिए। कम्पनीमा जर्मन बहुराष्ट्रिय सिमेन्सका अधिकारीहरूले कम्पनीको आधिकारिक खाताभन्दा बाहिर लाखौं यूरो जम्मा गरेका थिए।

उनीहरूमाथि अर्जेन्टिनामा भएको ठूलो ठगीबाट पैसा झिक्न सहयोग गरेको आरोप पनि लगाइएको थियो।

मोसाक र अन्य प्रतिवादीका वकिल गुइलेर्मिना म्याकडोनाल्डले एएफपीसँग भन्नुभयो, "न्याय भएको छ, हामी न्यायाधीशको फैसलाबाट अत्यन्त सन्तुष्ट छौं।"

उहाँले भन्नुभयो, "तर, हामी अलि दुःखी छौं सुनुवाईका क्रममा हामीले रेमन फोन्सेकालाई गुमाएका छौं र उहाँले यो नतिजा देख्न सक्नुभएन। यसप्रति हामी दुःखी छौं।"

'इन्टरनेसनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नलिस्ट्स (आईसीआईजे)' ले सन् २०१६ को अप्रिल ३ मा 'पानामा पेपर्स' प्रकाशन सुरु गरेको आठ वर्षपछि यो मुद्दाको सुनुवाइ सुरु भएको हो।

मोसेक फोन्सेकाबाट एक करोड १५ लाख भएका कागजातमा आधारित यो अनुसन्धानले विश्वभरका व्यक्तित्वहरूले कर छल्न वा सम्पत्ति शुद्धीकरण गर्न सम्पत्ति, कम्पनी, सम्पत्ति र मुनाफा कसरी लुकाएको छन् भन्ने खुलासा गरेको छ । अनुसन्धानअनुसार, यसका लागि उनीहरूले केही अवस्थामा अवैध गतिविधिहरूबाट आएको फर्ममार्फत् कम्पनीहरू सिर्जना गरेको, बैंक खाता खोलेको र पैसा लुकाउन धेरै देशहरूमा उप शाखा (फाउन्डेसन) हरू सिर्जना गरेको देखिएको छ।

यस काण्डले मोसाक फोन्सेकालाई बन्द गरायो र पानामाको अन्तर्राष्ट्रिय छविलाई अपतटीय कर छलिका रूपमा व्याख्या गरिएको थियो।

अपतटीय कम्पनीहरू आँफैमा अवैध छैनन्, र तिनीहरूलाई प्रयोग गर्नका लागि धेरै वैध कारणहरू छन् । तर तिनीहरूलाई आपराधिक गतिविधिबाट प्राप्त आयलाई शुद्धीकरण गर्न वा दुरुपयोग वा राजनीतिक रूपमा असुविधाजनक सम्पत्ति लुकाउन पनि प्रयोग गर्न सकिन्छ।

"वास्तवमा त्यहाँ ठूलो अन्याय भएको छ," मोसाकले सुनवाई को समापन पछि भन्नुभयो।

"मेरो साथी र मसँग काम गर्ने सबै व्यक्ति गम्भीर, इमानदार र सही थिए," उहाँले अगाडि भन्नुभयो।

> "इन्टरनेसनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभजर्नलिस्ट्स(आईसीआईजे)" ले सन् २०१६ को अप्रिल ३ मा "पानामा पेपर्स" प्रकाशन सुरु गरेको आठ वर्षपछि यो मुद्दाको सुनुवाइ सुरु भएको हो ।

# अमेरिकी राष्ट्रपति बाइडेन आकर्षक सम्बोधन गरेर बहसमा भएको क्षतिलाई सुधार्ने प्रयासमा

**एएफपी**

रेली । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्धको बहसका क्रममा भएको कमजोर प्रदर्शनको भरपाई गर्ने प्रयास गर्दै जो बाइडेनले आफू नै नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपतीय चुनाव जित्ने सही व्यक्ति भएको दाबी गर्नुभएको छ।

नर्थ क्यारोलिना राज्यमा चुनावी ऱ्यालीमा राष्ट्रपति बाइडेनको कडा भनाइ देशको सबैभन्दा प्रभावशाली पत्रिकाले उहाँलाई पद त्याग्न आग्रह गर्नुभन्दा केही समयअघि नै र डेमोक्रयाटिक पार्टीमा ८१ वर्षीय उहाँलाई आफ्नो उम्मेदवारको रूपमा प्रतिस्थापन गर्ने विषयमा चिन्ता व्यक्त भइरहेका बेला आएको हो।

"म पहिलेजस्तो सजिलोसँग हिँड्न सक्दिनँ । म पहिलेजस्तो सहजै बोल्न सक्दिनँ । म पहिलेजस्तो बहस गर्दिनँ," राष्ट्रपति बाइडेनले आफ्ना समर्थकलाई असामान्य रूपमा स्वीकारोक्तिपूर्ण टिप्पणी गर्दै भन्नुभयो।

"म साँचो कुरा कसरी भन्ने जान्दछु। यो काम कसरी गर्ने मलाई थाहा छ", तालीको गडगडाहटबीच उहाँले भन्नुभयो, "जब तपाईं ढल्नुहुन्छ फेरि उठ्नुहुन्छ।"

बाइडनको टोली बिहीबारको बहसपछि क्षति नियन्त्रणको अवस्थामामा छ । उहाँ अक्सर हिचकिचाउनुभएको थियो । शब्द चयनमा हडबडाउनुभएको थियो । यसले पार्टीमा उहाँको अर्को कार्यकाल पूरा गर्ने क्षमताको बारेमा डर बढाएको थियो । उहाँले आफ्नो बढ्दो उमेरको बारेमा भ्रम हटाउन र ट्रम्पलाई अभ्यस्त झूटको रूपमा पर्दाफास गर्ने आशा पार्टीले गरेको थियो।

राष्ट्रपति बाइडेनले आफ्नो शब्दभेदी प्रतिद्वन्द्वीको सामना गर्न असफल हुनुभएको थियो। ट्रम्पले अमेरिकी अर्थव्यवस्थादेखि आप्रवासनसम्म सबै कुराको बारेमा झूटा वा भ्रामक बयानहरूको एक ठूलो चुनौतीको



फेहरिस्त प्रस्तुत गर्नुभएको थियो। शुक्रबार बाइडेनले डेमोक्र्याटले टेलिभिजनमा प्रसारण भएको बहसमा भनेको कुरा सुनाउँदै भन्नुभयो, "के तपाईंले हिजो राति ट्रम्पलाई देख्नुभएको थियो? मेरो अनुमान के हो भने उहाँले एउटै बहसमा बोलेका सबैभन्दा धेरै झुटका लागि नयाँ रेकर्ड बनाउनुभएको छ।

"डोनाल्ड ट्रम्प यो देशका लागि वास्तविक खतरा हनुहुन्छ । उहाँ हाम्रो स्वतन्त्रताका लागि, लोकतन्त्रका लागि खतरा हुनुहुन्छ । उहाँ शाब्दिक रूपमा अमेरिकाका लागि खडा हुने सबै चीजका लागि खतरा हनुहुन्छ।

ट्रम्पले भर्जिनियामा आयोजित एक ऱ्यालीमा बोल्दै बाइडेनमाथि शब्दप्रहार गर्नुभएको थियो। "यो उहाँको उमेर होइन, यो उहाँको योग्यता हो," ट्रम्पले भन्नुभयो।

"आज हरेक मतदाताले आफैलाई सोध्नु पर्ने प्रश्न राष्ट्रपति बाइडेन ९० मिनेटको बहस प्रदर्शनबाट बच्न सक्छन् कि सक्दैनन् भन्ने होइन, तर के अमेरिका अझै चार वर्ष कुटिल जो बाइडनको जीवनबाट बच्न सक्छ कि सक्दैन भन्ने हो।" ट्रम्पले बाइडनको स्थानमा अर्को उम्मेदवार आउने सम्भावनालाई सङ्केत गर्दै भन्नुभयो, "वास्तवमा, उहाँले अन्य डेमोक्र्याटभन्दा चुनावमा राम्रो प्रदर्शन गर्नुभएको छ भन्ने मलाई विश्वास लाग्दैन।"

अहिलेसम्म कुनै पनि वरिष्ठ डेमोक्र्याटिक व्यक्तित्वले सार्वजनिक रूपमा बाइडेनलाई उम्मेदवार फिर्ता लिन आग्रह गरेका छैनन्, अधिकांशले विद्यमान टिकटमा अडिग रहने पार्टीको लाइन पछ्याएका छन्।

क्यालिफोर्नियाका गभर्नर गेभिन न्युसमले बहसलगत्तै भन्नुभयो, "म राष्ट्रपति बाइडेनको विकल्पमा अन्य उम्मेदवारको कल्पना गरी समर्थनबाट कहिल्यै पछि हट्ने छैन।"

टिकट परिवर्तन गर्न बाध्य पार्नु राजनीतिक रूपमा खतरनाक हुनेछ र बाइडेनले अर्को महिना हुने पार्टी अधिवेशनअघि अर्को उम्मेदवारका लागि मार्ग प्रशस्त गर्नका लागि नाम फिर्ता लिने निर्णय गर्नुपर्नेछ।

राष्ट्रपति बाइडेनले प्राथमिक मतदानमा भारी मत प्राप्त गर्नुभएको छ र सिकागोमा हुने अधिवेशनमा जाने पार्टीका तीन हजार ९०० प्रतिनिधि उहाँप्रति आभारी छन्। यदि उहाँ बाहिर निस्कनुहुन्छ भने, प्रतिनिधिहरूको पनि प्रतिस्थापन खोज्नुपर्नेछ।

बाइडनका पूर्व प्रमुख बाराक ओबामाले एक्समा लेख्नुभएको छ, "रात्रि बहस कमजोर हुनसक्छन्। तर यो निर्वाचन 'अझै पनि साधारण मानिसहरूको लागि जीवनभर लडेको व्यक्ति र आफ्नो मात्र ख्याल राख्ने व्यक्तिमध्ये एकको छनौट हो।"

बाइडेनको स्थान लिनका लागि स्वचालित होइन तर तार्किक व्यक्तिव उपराष्ट्रपति कमला ह्यारिसले पनि आफ्नो नेताको बहसको प्रदर्शनको बचाउ गर्नुभएको छ।

यद्यपि, नर्थ क्यारोलिनामा डेमोक्र्याटिक वफादारी र बाइडेनको अवज्ञाको प्रदर्शन न्युयोर्क टाइम्सका लागि पर्याप्त थिएन।

दैनिक पत्रिकाले बाइडेनको अभियानलाई ट्रम्पले निम्त्याएको खतराको सामना गर्दै 'लापरवाह जुवा' को रूपमा आलोचना गरेको छ। समाचार कक्षबाट अलग यसको सम्पादकीय समितिले राष्ट्रपतिलाई अलग रहन आह्वान गरेको छ।

"बाइडेनले अब गर्न सक्ने सबैभन्दा ठूलो सार्वजनिक सेवा भनेको आफू पुनः निर्वाचनका लागि उम्मेदवारी नदिने घोषणा गर्नु हो," सम्पादकीय समितिले भनेको छ।

ट्रम्प वा अन्य डेमोक्र्याटिक नेताहरूमाथि बाजी लगाउन रुचाउने थुप्रै चुनावी समर्थकहरूले पनि बाइडेनलाई त्यागेका छन्।

बहस अघि, प्लेटफर्म स्मार्केट्समा शर्तकर्ताहरूले नोभेम्बरमा बाइडेनलाई जित्ने ३५ प्रतिशत मौका दिइरहेका थिए, तर शुक्रबार यो आँकडा २० प्रतिशतभन्दा तल झरेको थियो। दोस्रो बहस सेप्टेम्बर १० मा हुनेछ।

# केन्यामा सरकार विरोधी प्रदर्शनमा ३० जनाको मृत्यु

**एएफपी**

नैरोबी । केन्यामा पूर्वी अफ्रिकी देशमा कर पर्याप्त मात्रामा बढाउने सरकारी अभियानको विरोधमा यस हप्ता भएको विरोध प्रदर्शनमा कम्तिमा ३० जनाको मृत्यु भएको ह्युमन राइट्स वाचले शनिबार बताएको छ।

केन्याली सुरक्षा बलले सन् २०२४ जुन २५ मा प्रदर्शनकारीहरूको भीडमा सिधै गोली हानेका र यसमा भागिरहेका प्रदर्शनकारीको पनि मृत्यु भएको अधिकारवादी समूहद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

ह्युमन राइट्स वाचका सहयोगी अफ्रिका निर्देशक ओत्सिनो नाम्वायाले प्रदर्शनकारी भाग्न खोज्दा औचित्य बिना भीडमा सिधै गोली चलाउनु केन्या र अन्तर्राष्ट्रिय कानूनअन्तर्गत पूर्ण रूपमा अस्वीकार्य भएको जनाउनुभएको छ।

# आईएमएफद्वारा युक्रेनलाई दुई अर्ब २० करोड अमेरिकी डलर स्वीकृत

**क्यूएनए**

वासिङ्टन। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले युक्रेनका लागि १५ अर्ब छ करोड अमेरिकी डलरको ऋण कार्यक्रमको चौथो समीक्षा पूरा गरेपछि युक्रेनलाई सहयोग गर्न दुई अर्ब २० करोड अमेरिकी डलर स्वीकृत गरेको छ।




आईएमएफले विस्तारित वित्तीय सहजता कार्यक्रममा युक्रेनको कार्यसम्पादन प्रतिकूल परिस्थितिको बावजुद बलियो रहेको र मात्रात्मक लक्ष्यहरू प्राप्त भएका र संरचनात्मक महत्त्वका क्षेत्रमा समयमै वा छोटो समयमा नै लागू गरिएको एक विज्ञप्तिमा उल्लेख गरेको छ।

आईएमएफले गत अप्रिलमा जारी गरेको आर्थिक विवरणमा अघिल्लो तीन दशमलव दुई प्रतिशतको पूर्वानुमानको तुलनामा सन् २०२४ मा युक्रेनको जीडीपी वृद्धिको लागि दुई दशमलव पाँच र तीन दशमलव पाँच प्रतिशतको दायरामा आफ्नो पूर्वानुमान परिमार्जन गरेको छ।

आईएमएफले युक्रेनमा रूसी सैन्य कारबाहीमा हालैका घटनाक्रमका कारण त्यहाँको पूर्वाधारमा क्षति पुऱ्याएको रूसी आक्रमणको वृद्धिका कारण उपभोक्ताको भावना र व्यवसायिक विश्वासमा आएको गिरावटलाई औंल्याएको छ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले यो जुनको सुरूमा किएभलाई समर्थन गर्न हाल उपलब्ध रहेको सहायता कार्यक्रमको चौथो समीक्षाको बारेमा युक्रेनी सरकारसँग सम्झौतामा पुगेको घोषणा गरेको छ। यसले दुई अर्ब २० करोड अमेरिकी डलर वित्तीय सहायता उपलब्ध गराउने ढोका खोल्छ।

# पटाका कारखानामा विष्फोट हुँदा चार जनाको मृत्यु

**सिन्ह्वा**

नयाँदिल्ली । भारतको दक्षिणी राज्य तमिलनाडुको एउटा पटाका कारखानामा शनिबार भएको विस्फोटमा कम्तीमा चार जनाको मृत्यु हुनुका साथै अन्य केही घाइते भएका अधिकारीले बताएका छन्।

विस्फोट तमिलनाडुको राजधानी चेन्नईबाट ५५३ किलोमिटर दक्षिणपश्चिममा रहेको विरुधुनगर जिल्लाको सतूर नजिकैको बन्दुवरपट्टी गाउँमा भएको थियो। प्रहरीका अनुसार विस्फोट हुँदा दर्जनौं व्यक्ति कारखानामा काम गरिरहेका थिए। विस्फोटका कारण कारखानामा आगो लागेको थियो।

घटनालगत्तै आगो नियन्त्रणका लागि दमकल तथा उद्धारकर्मी घटनास्थलमा पुगेका थिए।

कारखानामा १५ वटा कोठा रहेको अधिकारीहरूले बताएका छन्। यसमध्ये कम्तीमा तीन वटा आगोले पूर्णरूपमा जलेर नष्ट भएका छन्। प्रहरीले विस्फोटको अनुसन्धान सुरू गरेको छ।

# रूससँगको युद्ध अन्त्य गर्न 'व्यापक योजना'को मस्यौदा तयार पार्दै युक्रेनी राष्ट्रपति

**एएनआई**

किएभ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूससँगको युद्ध अन्त्य गर्न विश्वको बहुमतले समर्थन गर्ने 'व्यापक योजना' तयार गरिरहेको अल जजिराले शनिबार जनाएको छ।

"विश्वको बहुमतले समर्थन गर्ने युद्ध अन्त्य गर्ने योजना देखाउनु आफ्नो लागि धेरै महत्त्वपूर्ण छ," युक्रेनी राष्ट्रपतिले स्लोभेनियाका राष्ट्रपति नतासा पिरक मुसारसँग शुक्रबार किएभमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो । उहाँले यो कूटनीतिक मार्ग भएको र यसमा आँफूहरूले काम गरिरहेको बताउदै युक्रेन र रूसबीच हाल कुनै वार्ता भने नभएको उहाँको स्पष्टोक्ति रहेको छ।

युक्रेन र रूसबिच हालसम्म कुनै वार्ता नभएकाले जेलेन्स्की र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको सार्वजनिक बयानका आधारमा सम्भावित शान्ति सम्झौताका शर्तहरूको कुरा गर्दा दुई पक्ष पहिलेभन्दा धेरै टाढा देखिन्छन्।

शान्ति वार्ता सुरु हुनअघि युक्रेनले बारम्बार क्रिमियाको प्रायद्वीपसहित आफ्नो अन्तर र्राष्ट्रिय मान्यता प्राप्त क्षेत्रबाट रूसले आफ्नो सेना फिर्ता लिनुपर्ने बताउँदै आएको छ।



यद्यपी २०२२ फेब्रुअरीमा युक्रेनमा पूर्ण आक्रमण सुरु गरेका रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनलाई रूसको कब्जामा रहेको आफ्नो पूर्व र दक्षिणको थप क्षेत्र खाली गरेर प्रभावकारी रूपमा आत्मसमर्पण गर्न माग गर्नुभएको छ।

चालु महिनाको सुरुमा युक्रेनी राष्ट्रपतिले स्विजरल्याण्डमा एउटा अन्तर्राष्ट्रिय शिखर सम्मेलनको आयोजना गर्नु भएको थियो । सम्मेलनमा युक्रेनको स्थितिका लागि समर्थन जुटाउन रूसलाई आमन्त्रित गरिएको थिएन।

स्विजरल्याण्डमा भएको दुई दिने शिखर सम्मेलनमा ९० भन्दा बढी देशहरूले नेता र वरिष्ठ अधिकारीहरू पठाएको र अधिकांशले युक्रेनको 'क्षेत्रीय अखण्डतालाई सम्झौतामा सम्मान गर्नुपर्ने कुरामा जोड दिने अन्तिम विज्ञप्ति जारी गर्न सहमत भएको अल जजिराले जनाएको छ।

यसबाहेक, रूसी सेना युक्रेनको क्षेत्रमा बिस्तारै अघि बढिरहेका छन् भने शुक्रबार अर्को अग्रपङ्तीमा रहेको सानो गाउँ कब्जा गरेको दाबी रूसले गरेको छ।

मस्कोले हाल युक्रेनको लगभग २५ प्रतिशत स्थान ओगटेको र सन् २०२२ मा चारवटा क्षेत्रहरू कब्जा गरेको दाबी गरेको छ।

यसअघि बिहीबार ब्रसेल्समा भएको ईयू काउन्सिल शिखर सम्मेलनमा जेलेन्स्कीले युद्ध अन्त्य गर्न केही महिनाभित्र 'विस्तृत योजना' अगाडि राख्ने बताउनुभएको थियो। जेलेन्स्कीले सैनिक र नागरिकबिचको उच्च हताहतको कहालीलाग्दो दरलाई औंल्याउँदै द्वन्द्व अन्त्यका लागि आफुहरूसँग धेरै समय नभएको बताउनुभएको छ।

# श्रीलङ्कामा खाद्यान्नको मूल्य वृद्धि

**एएफपी**

कोलम्बो । सङ्कटग्रस्त श्रीलङ्काको वार्षिक मुद्रास्फीति मे को ०.९ प्रतिशतको तुलनामा जुनमा करिब दोब्बर भई १.७ प्रतिशत पुगेको छ।

श्रीलङ्काले आफ्ना ऋणदातासँग १० अर्ब अमेरिकी डलरको ऋणको पुनर्संरचना गर्न सम्झौता गरेको केही दिनपछि जनगणना तथा तथ्याङ्क विभागको यो तथ्याङ्क सार्वजनिक भएको हो।

खाद्यान्नमा अघिल्लो बर्षको जुनको तुलनामा १.०४ प्रतिशतले मूल्य वृद्धि भएको विभागले जनाएको छ।

सन् २०२२ मा श्रीलङ्काले आफ्नो विदेशी ऋण नतिरेपछि आर्थिक सङ्कट उत्कर्षमा पुगेको बेला मुद्रास्फिति बढेर करिब ७० प्रतिशत पुगेको थियो।

श्रीलङ्काको केन्द्रीय बैंकले सन् २०२४ का लागि समग्र मुद्रास्फीति ५.० प्रतिशतभन्दा तल राख्न सक्षम हुने आशा व्यक्त गरेको छ।

देशमा यसै वर्ष राष्ट्रपतिको निर्वाचन हुन लागेको छ र विपक्षी दलहरूले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को बेलआउटका शर्तहरूमा पुनः छलफल गर्ने प्रतिबद्धता जनाएका छन्। यसले गर्दा कडा मितव्ययिताका उपायहरू अपनाइएका छन्।

आईएमएफले प्रतिद्वन्द्वी राजनीतिक दलहरूको वैकल्पिक प्रस्तावहरू सुन्न इच्छुक रहेको बताएको छ, तर बेलआउटमा निर्धारित महत्वपूर्ण शर्तहरू पालना गर्नुपर्नेमा जोड दिएको छ।

# इरानको राष्ट्रपतीय मत गणनामा पेजेस्कियन र जलिलीको प्रतिस्पर्धा

**एएफपी**

तेहरान । इरानका सुधारवादी उम्मेद्वार मसूद पेजेस्कियन र अति परम्परावादी समूहका सईद जलिलीले राष्ट्रपतीय निर्वाचनको मत गणनामा अग्रता कायम गरेको शनिबार आन्तरिक मन्त्रालयद्वारा जारी प्रारम्भिक परिणामले देखाएको छ।



पछिल्लो परिणामअनुसार पेजेस्कियनले ८३ लाखभन्दा बढी मत प्राप्त गर्नु भएको छ भने पूर्व आणविक वार्ताकार जलिलीले ७१ लाखभन्दा बढी मत प्राप्त गर्नुभएको छ।

हालको प्रवृत्ति जारी रहेको अवस्थामा दुवै उम्मेदवार जुलाई ५ हुने दोस्रो निर्वाचनमा प्रतिस्पर्धा गनुपर्नेछ । इरानी संविधान अनुसार यदि कुनै उम्मेद्वारले ५० प्रतिशतभन्दा बढी मत ल्याउन सकेनन् भने दोस्रो चरणको चुनाव गर्नु पर्ने प्रावधान रहेको छ।

सन् १९७९ मा भएको इस्लामिक क्रान्तिपछि इरानमा भएको १३ वटा राष्ट्रपतीय चुनावमध्ये सन् २००५ मा भएको एउटा मात्र निर्वाचनमा दोस्रो चरणको मतदानबाट राष्ट्रपतिको चयन गरिएको थियो।

आन्तरिक मन्त्रालयका अनुसार अहिलेसम्म एक करोड ९० लाखभन्दा बढी मत गणना भइसकेको छ।

प्रारम्भिक परिणाममा कन्जरभेटिभ संसदका अध्यक्ष मोहम्मद बाघेर घालीबाफ लगभग २६ लाख मतसहित तेस्रो स्थानमा हुनुहुन्छ । यसैगरी चौथो स्थानमा परम्परावादी धर्मगुरु मुस्तफा पौरमोहम्मदीले १५ लाखभन्दा बढी मत प्राप्त गर्नुभएको छ।

नियमित तालिका अनुसार सन् २०२५ मा हुनुपर्ने निर्वाचनका लागि करिब छ करोड १० लाख इरानी मतदान गर्न योग्य थिए।

इस्लामिक गणतन्त्रमा चुनावी उम्मेद्वारहरूको जाँच गर्ने गार्जियन काउन्सिलले सुरुमा छ जना उम्मेदवारलाई अनुमोदन गरेको थियो तर चुनावको एक दिन अगाडि दुई उम्मेदवारहरू अलिरेजा जाकानी र अमिर-हुसेन गाजीजादेह हाशेमीदौडबाट बाहिरिएका थिए।

# ‘प्रदेश शिक्षा नीति ल्याउने गृह कार्यमा जुट्यो सरकार’



**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री राज कुमार लेखीले मधेश प्रदेशको शिक्षा नीति ल्याउने गृहकार्य भइरहेको बताएका छन् ।

जनकपुरधाममा शनिबार आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री लेखीले शिक्षामा समग्र सुधारका लागि प्रदेश सरकारले प्रदेश शिक्षा नीति ल्याउन गृह कार्य सुरु गरेको बताए।

विद्यार्थी भर्ना तथा टिकाउ दर सम्बन्धी चुनौती र समाधानका उपाय विषयक दुई दिवसीय प्रदेश स्तरीय बृहत् शिक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उनले प्रदेश शिक्षा नीति ल्याएर मधेशको शिक्षामा सुधार ल्याइने बताए।

प्रदेश गठन भएको सात वर्ष बित्न लाग्दा पनि मधेश प्रदेशमा शिक्षा नीति आउन नसकेको कारण शिक्षाको क्षेत्रमा विभिन्न खालका चुनौतीहरू देखिएको भन्दै उनले शिक्षा नीति ल्याउनकै लागि मन्त्रालयले सरोकारवाला निकायसँग विभिन्न खालका छलफलहरू चलाएको बताए। मधेश प्रदेशको बजेटमा शिक्षा क्षेत्र छैठौँ प्राथमिकतामा परेको जानकारी गराउँदै सीमित स्रोत साधनका बाबजुद आफ्नो मन्त्रालयले समाजवाद उन्मुख आधारभूत वर्गलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्न लागेको जानकारी गराए।

उनले आगामी आर्थिक वर्षमा प्रदेशका केही विद्यालयलाई नमुना विद्यालयको रूपमा विकास गर्नुका साथै केही विद्यालयका बालकक्षाहरु लाई व्यवस्थित गर्न प्रदेश सरकारले आर्थिक सहयोग गर्ने कार्यक्रम ल्याएको बताए । उनले खास गरेर दलित विपन्न वर्गका बालबालिकाले आर्थिक अभावका कारण विद्यालय छोड्ने गरेको भन्दै त्यस्ता खालका समस्या समाधानका लागि मन्त्रालयले दलित विपन्न वर्गका विद्यार्थीसहित अभिभावकलाई समेत सहयोग गर्ने कार्यक्रम ल्याएको जानकारी गराए। उनले दलित विपन्न वर्गका विद्यार्थीको अभिभावकलाई मासिक ५० केजी चामल, पाँच केजी दाल सहयोग दिने कार्यक्रम मन्त्रालयले ल्याएको बताए। एक्लो प्रयासले कुनै पनि काम सम्भव नहुने भन्दै मधेशको साक्षरता दर बढाउनका लागि मन्त्रालयले सुरु गर्न लागेको विशेष अभियानमा सबैको सहयोग आवश्यक भएको उनले बताए।

# कतै खेतमा त कतै सडकमै धान !

**मनोज माझी**

राजविराज । सरकारीस्तरबाट खेतमा धानको बिउ रापेर शनिबार २१ औं राष्ट्रिय धान दिवस मनाइरहँदा राजविराजका युवाहरु भने जीर्ण अवस्थामा रहेको राजविराज-रुपनी सडक खण्डको अविलम्ब स्तरोन्तिको माग गर्दै सडकमै धान रोपेका छन् ।

सप्तरी युथ नेपालको अगुवाइमा शनिबार राजविराज-रुपनी सडक खण्डको बिहारपुरमा यसरी युवाहरुले सडकमै धानको बिउ रोपेका छन् ।

पटक-पटक सम्बन्धित निकायलाई घच्घच्याउँदा पनि कुनै सुनुवाई र चासो नदेखाएकोले सांकेतिक विरोध स्वरुप सडकमै धानको बिउ रोपेर विरोध जनाउनुका साथै सरोकारवाला सबैको ध्यानाकर्षण गराउन खोजिएको सप्तरी युथ नेपालका कार्यवाहक अध्यक्ष मोहन यादवले जानकारी दिइन् ।

राजविराज-रुपनी सडकखण्ड अति जीर्ण अवस्थामा छ । “खाल्डैखाल्डा परेका कारण सवारीसाधन मात्र होइन, पैदल यात्रुलाई समेत आवतजावतमा समस्या छ, यूवा अभियन्ता मो. अनवर अलीले भने, “खाल्डाखुल्डी कै कारण दिनहुँजसो दुर्घटना समेत हुने गरेको छ।”

सडक जोखिमपूर्ण अवस्थामा रहेकोले आपतकालीन अवस्थामा रहेका बिरामीलाई सो सडकमार्गबाट राजविराजलगायत अन्य अस्पताल पुर्याउन पनि सास्ती हुने गरेको स्थानीयको गुनासो छ। राजविराजको गीता



पेट्रोल पम्पदेखी बिहारपुरको ५ सयमिटर सम्मको सडकमा मात्रै दर्जनौं खाल्डाखुल्डी छन् । यसका अलावा राजविराजदेखी रुपनी सम्मको १० किलोमिटरमा झण्डै ५ किलोमिटर सडक जीर्ण अवस्थामा छन्। सडक चौडाई र कालोपत्रे गर्ने जिम्मा पाएको निर्माण कम्पनीले समयमै निर्माण काम सम्पन्न गर्न तदारुकता नदेखाउँदा अहिले वर्षायाममा जोखिम झनै बढाएको बिहारपुरवासी युवा नेता अमरनाथ मण्डलले बताए।

वर्षाको पानीले हिलाम्मे बनेको सडकमा २ सय भन्दा बढी धानको बिउ रोपिएको अर्का युवा दिपेन्द्र दासले बताए। सप्तरी युथ नेपालको उक्त विरोध कार्यक्रममा स्थानीयले पनि समर्थन जनाएका छन्। दुई घण्टाको विरोधमा विभिन्न राजनीतिक दलका युवाहरुले पनि सहभागिता जनाए। यता कृषि ज्ञान केन्द्र सप्तरीको आयोजनामा “जलवायु मैत्री कृषि, धान उत्पादनमा बृद्धि” नाराका साथ २१ औं राष्ट्रिय धान दिवस मनाइएको छ । यस अवसरमा राजविराज विमानस्थल नजिकै विष्णुपुर गाउपालिका ६ गोरगामास्थित खेतमा धान रोपाई कार्यक्रमको आयोजना गरिएको केन्द्रका प्रमुख किसुनदेव राउतले बताए।

# न्यूनतम सेवा मापदण्ड मूल्यांकनमा पहिलो अस्पताल

**टुडे समाचारदाता**

जलेश्वर। प्रादेशिक अस्पताल जलेश्वर न्यूनतम सेवा मापदण्ड मूल्यांकनमा मधेश प्रदेशमा पहिलो भएको छ । महोत्तरीको सदरमुकामस्थित प्रादेशिक अस्पताल जलेश्वरले ९३ प्रतिशत अंक ल्याएर मधेश प्रदेशमा पहिलो अस्पताल बन्न सफल भएको छ।

मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयका न्यूनतम सेवा मापदण्ड मूल्यांकन कार्यक्रमका फोकल पर्सन तथा कोशी अस्पतालका चिकित्सक डा.दीपेन्द्र पाण्डेयको अनुगमन टोलीले गरेको अनुगमनको आधारमा प्रादेशिक अस्पताल जलेश्वरलाई प्रथम घोषणा गरेको छ । सिरहा अस्पतालको समेत ९३ प्रतिशत अंक रहे पनि विगतभन्दा अहिले अंक प्रतिशत घटेको तथा प्रादेशिक अस्पताल जलेश्वरको अंक बढेकाले जलेश्वर अस्पताललाई प्रथम



घोषणा गरिएको छ।

विगतमा समेत ८६ प्रतिशत अंकका साथ प्रादेशिक अस्पताल जलेश्वर प्रदेशको दोस्रो स्थानमा रहेको थियो । मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयका न्यूनतम सेवा मापदण्ड मूल्यांकन कार्यक्रमको अनुगमन टोलीमा फोकलपर्सन डा.पाण्डेयसहित स्वास्थ्य कार्यालय धनुषाका उमेश कुमार यादव, बर्दिबास अस्पतालका प्रमुख डा. कृष्णा महर्जन, एनएसआईका जनार्द्धन पाठक, स्वास्थ्य निर्देशनालयका शिवानी कार्की तथा रोजी ठाकुर रहेका थिए।

मधेश प्रदेशमा वर्षमा दुईपटक सिरहा अस्पताल, जलेश्वर अस्पताल, गौर अस्पताल, मलंगवा अस्पताल, लहान अस्पताल र कलैया अस्पतालको अनुगमन मूल्यांन हुने गरेको छ।

न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमअन्तर्गत अस्पतालको अनुगमन मूल्यांकन समीक्षा कार्यक्रममा अस्पतालका प्रमुख डा.राजीव कुमार झाले सम्पूर्ण कर्मचारीहरूको अथक मेहनतले अस्पताल प्रदेशमा पहिलो बन्न सफल भएकोमा खुसी व्यक्त गर्दै निरन्तर रूपमा यसरी नै काम गर्न सम्पूर्ण कर्मचारीहरूमा आग्रह गरे।

उनले हाम्रो पहिलो काम भनेको बिरामीको उपचार रहेकोले सो काममा कुनै पनि कन्जुस्याइँ गर्न नहुने बताउँदै अस्पतालको सीमित स्रोत साधनका बाबजुद कर्मचारीहरूको मनोबल र कामले अस्पताल पहिलो बन्न सफल भएको बताउँदै अस्पतालमा अहिले पनि जनशक्ति १५ शैय् याको मात्रै रहेको बताए।

सो कार्यक्रममा जिल्ला समन्वय समिति महोत्तरीका सभापति सुमन कुमार लाल कर्णले अस्पतालले पाएको उपलब्धिलाई टिकाई राख्न कर्मचारीहरूसँग आग्रह गर्दै रेफर अस्पतालबाट सुधार हुँदै गएकोमा धन्यवाद दिए।

सो कार्यक्रममा अस्पतालका अध्यक्ष मिनु झाले पाँच बेडको आइसियु सेवा तथा हेमोडायलायसिस सेवा सुचारुको पहल भइरहेको बताउँदै अस्पतालमा ल्याब सेवामा विस्तार र सुधारका साथसाथै चौबिसै घण्टा ब्लड बैंक सञ्चालनमा रहेको बताइन्।

# निर्देशनालयद्वारा टेण्डर रद्द पछि आक्रोश



**टुडे समाचारदाता**

जनकपुरधाम । विगतका मधेश प्रदेश सरकारले शिक्षाका विकासका लागि गरेको निर्माण कार्यका टेण्डरहरुलाई वर्तमान सरकारले रद्द गरिरहेको छ।

शिक्षा विकास निर्देशनालय जनकपुरधामका प्रमुख दिलीप ठाकुरले प्राइम सफ्ट सर्भिसेज प्रालिलाई परेको टेण्डर जनमत पार्टी नेतृत्वको सरकार गठन भएपछि रद्द गरेका छन्।

सो टेण्डर रद्द भएपछि साढे १० करोड रुपैयाँको योजना अलपत्र परेको छ । मधेश प्रदेशको आठै जिल्लाका लागि ६४ विद्यालयको विकास निर्माणलगायत निर्माणको योजना अलपत्र परेको छ।

निर्देशनालयले आ.व.२०८०/०८१ को मिति २०८०/१२/११ गतेको ठेक्का अनुसार बोलपत्र आह्वान गरेकोमा प्राइम सफ्ट सर्भिसेजलाई टेण्डर परेको थियो।

निर्देशनालयको मिति २०८१/०१/२७ र २०८१/०१/३० गतेको पत्र अनुसार क्रमशः प्राविधिक र आर्थिक प्रस्ताव खोल्ने भन्दै पत्र प्राप्त भएको र वैशाख ३० गते मुचुल्कासमेत उठाइएको प्रमाण दाबी गर्दै सो प्राइम कम्पनीका यज्ञ न्यौपानेले ४६ दिन बितिसक्दा पनि आफुहरुलाई बिना जानकारी टेण्डर रद्दको सुचना जारी गरेर हामी माथि अन्याय गरेको गुनासो गरे।

उनले भने, ‘प्राविधिक र आर्थिक टेण्डर परेपछि करिब १० करोड रुपैयाँको निर्माण सामग्री पनि खरिद सकेको छु, अहिले टेण्डर नै रद्द गर्ने काम गरेको देखियो।’ उनले आफन्तजनलाई टेण्डर दिनका लागि सो टेण्डर रद्द गरेको आरोप लगाए।

टेण्डर प्रक्रियामा कुनै कम्पनीको प्राविधिक र आर्थिक प्रस्ताव स्वीकृत भईसकेपछि सो टेण्डर रद्द गर्ने कुनै पनि कानुनी बाटो नरहेको उनले दाबी गरे।

# बस पल्टिँदा एक मृत्यु, दश घाइते

**टुडे समाचारदाता**

रौतहट। रौतहटमा यात्रुवाहक बस पल्टिँदा एक महिलाको मृत्यु भएको छ भने दश जना घाइते भएका छन् । शनिबार बिहान गौरबाट चन्द्रनिगाहपुर जाँदै गरेको ना. ७ ख . ८४१४ नम्बरको यात्रुवाहक बस जयनगर चोकमा अनियन्त्रित भई पल्टिँदा दश जना घाइते भएका छन्।



बस पल्टिएर माधवनारायण नगरपालिका-३ स्थित भेलही गाउँकी १८ वर्षीय नेहा गिरीको मृत्यु भएको रौतहट प्रहरीले जनाएको छ। सो दुर्घटनामा परोहा नपा-३ स्थित तेजापाकडका देवंश कुमार दास, गौर नगरपालिका-४ का राकेश चन्द्रवंशी घाइते भएका छन् । त्यस्तै सोही स्थानकी ५ वर्षीया शिवानीकुमारी तथा १ वर्षीया मधुकुमारी पनि घाइते भएकी छन्।

बिहारको मधुवनी बासोपट्टिका ४७ वर्षीय अविनाश झा उनकी पत्नी निकी झा, र ६५ वर्षीय सुधाना झा घाइते भएको जिल्ला प्रहरी कार्यालय रौतहटकी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन्। उनले चालक फरार रहेको र खोजी कार्य भइरहेको बताइन्। बस निकै पुरानो भएको कारण अनियन्त्रित भई पल्टिएको हुनसक्ने उनको अनुमान छ।

# उमेर नपुगी विवाह गर्नेको संख्यामा वृद्धि



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा उमेर नपुग्दै विवाह गर्नेको संख्यामा वृद्धि भएको एक तथ्यांकले देखिएको छ।

२० वर्ष नपुगी विवाह गर्ने किशोरीको संख्या ५० प्रतिशतभन्दा बढी देखिएको राष्ट्रिय जनगणना-२०७८ को तथ्यांकले देखाएको छ। १५ देखि १७ वर्षमा विवाह गर्ने २७.७ प्रतिशत रहेको राष्ट्रिय जनगणनामा उल्लेख गरिएको छ।

त्यस्तै १० देखि १४ वर्ष उमेरमा विवाह गर्ने ९.३ प्रतिशत र १० वर्ष उमेर मुनि विवाह गराइने ०.२ प्रतिशतसहित यो संख्या ३७.२ प्रतिशत रहेको छ । १८ र २० वर्ष उमेरबीच विवाह गर्ने ३९.५ प्रतिशत छन्।

त्यस्तै बेहुलाको उमेर २० वर्ष देखिए पनि बेहुली १७ वर्ष उमेरसम्म रहेको पाइएको छ । उमेर नपुगी विवाह भएका महिला ३९.५ को आधा हुँदा कुल उमेर नपुगी विवाह हुनेको संख्या ५० प्रतिशतमाथि पुग्ने देखिएको बालविवाहविरुद्ध सामाजिक अभियान सञ्चालन गर्दै आएको छ।

मधेशमा विवाह हुने सालाखाला औसत उमेर नै १८ वर्ष रहेको राष्ट्रिय जनगणना, २०७८ को तथ्यांक अभिलेखमा उल्लेख गरिएको छ।

महोत्तरीको सात स्थानीय तहका ४९ वटा विद्यालयमा बालविवाह अन्त्यका लागि जीवनोपयोगी शिक्षा र व्यवहार परिवर्तन सम्बन्धी सैद्धान्तिक कक्षा, छलफल र अभ्यास भइरहेको छ।

बालविवाह न्यूनीकरणका लागि स्थानीय सरकारले विद्यालयमा बालबालिका र अभिभावकबिच जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन, तालिम र बालमैत्री शासनलगायत कार्यक्रम सञ्चालनसमेत गर्दै आएका छन् । मटिहानी नगरपालिकाले उमेर पुगेपछि छोराछोरीको विवाह गराउने अभिभावक, विवाह विधि सम्पन्न गराउने गुरु-पुरोहित तथा मोल्वी (इस्लाम धर्मावलम्बीका पुरोहित) लाई सामाजिक सम्मान गर्दै आएको मेयर हरि मण्डलले जनाएको छ।

# रक्तदान तथा सम्मान कार्यक्रम

**टुडे समाचारदाता**

वीरगञ्ज । बृहस्पति फाउण्डेशन नेपालको आयोजनामा भएको रक्तदान कार्यक्रममा चार जना महिलासहित २९ जनाले रक्तदान गरेका छन्।

वीरगन्जमा शनिबार भएको आयोजित रक्तदान कार्यक्रममा युवा समाजसेवी दीपक साह, बाबुनन्द पटेल लगायतकाले रगत दान गरेको रक्त सञ्चार केन्द्र वीरगञ्जका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए।

सो फाउण्डेशनका अध्यक्ष ज्योतिष सम्राट डा. पुरुषोत्तम दुबेको अध्यक्षता तथा प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्माको प्रमुख आतिथ्यतामा भएको रक्तदान कार्यक्रममा नेपाल महिला संघकी केन्द्रीय सदस्य डा. सुष्मा तिवारी, नारायणी अस्पतालका अध्यक्ष धीरज गुप्ता, गहवा माई



रथ यात्रा समितिका महासचिव पप्पु गुप्ता, माईस्थान संचालक समितिका अध्यक्ष नरेन्द्र शाह, जनमत पार्टी पर्साका जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफ, वीरगञ्ज महानगरपालिकाकी पूर्व उपमेयर शान्ति कार्की, फाउण्डेशन का स्वास्थ विभाग प्रमुख वरिष्ठ चिकित्सक डा.नीरज कुमार सिंह ,डेसिमल कालेजका अध्यक्ष प्रोफेसर सन्नी दुबे, नेविसंघ पर्साका सभापति रमेश यादव, वीरगञ्ज युवा समाजका कमल चौलागाईं, महिला समाज सेवी मिन्टु सिंह फाउण्डेशनका सदस्यहरु चन्दन पण्डित,दीपक साह, पार्वती शर्मा, सीमा दुबे , लक्ष्मी साह , सोस्तिका चौधरी, समाजसेवी राजेन्द्र भट्टराई, सामुदायिक श्रीपुर बाट दिलीप प्रधानलगायतको पनि उपस्थिति रहेको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८